जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal Weekly साप्ताहिक

वर्ष ६ अंक ६, २०७४ साल जेठ ५ गते शुक्रबार, नेपाल संवत् ११३७ (May 18, 2017) Website : www.greaternepal.com.np मूल्य रु. १०|-

## कलाकारहरुको बिजोग

काठमाडौं । यसपालिको भोट न दाइलाई न गाईलाई भन्दै स्थानीय निर्वाचनमा होमिएको पूर्वमहापञ्चहरुको राष्ट्रिय प्रजातन्त्र पार्टीलाई जनताले बहिष्कार मात्र होइन, निषेध र तिरस्कार नै गरिदिएका छन् । राप्रपामा पसेर ठूलै भाग सोहोर्ने सपना पालेका सिने जगतका थुप्रै नायक नायिकाहरुका लागि समेत निर्वाचन परिणाम जिउमा तातो भुतभुते खन्याएजस्तै भएको छ । मर्निङ सोज द डे भनेझैं स्थानीय निर्वाचनको परिणामले प्रादेशिक र संघीय संसदको **बाँकी ८ पेजमा**

## ढकाल जर्मनी प्रस्थान

काठमाडौं । स्थानीय चुनावमा आफ्नो मताधिकार प्रयोग गरेको लगत्तै यस पत्रिकाका प्रकाशक/सम्पादक तथा देशभक्त पर्यावरणीय सामाजिक मोर्चाका अध्यक्ष तथा काठमाडौं महानगरपालिकाका मेयर पदका उम्मेद्वार सुरेन्द्र ढकाल गत आइतबार बेलुकी जर्मनी प्रस्थान गर्नु भएको छ ।

चुनावमा राष्ट्रघाती, असक्षम र भ्रष्ट दलहरुलाई नै नेपाली मतदाताले स्थानीय सरकार संचालन गर्न म्याण्डेट दिने भएपछि त्यस्तो चुनावको नतिजा पर्खनसम्म पनि नचाही ढकाल जर्मन प्रस्थान गर्नुभएको हो । जर्मनीमा रहँदा ढकालले विभिन्न दाताहरुसँग भेटघाट गरी नेपाली **बाँकी ८ पेजमा**

# "गर कि मर" को अवस्थामा मधेसी नेताहरू

काठमाडौं । स्थानीय तहको प्रथम चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भएसँगै जेठ ३१ गते हुने दोस्रो चरणको निर्वाचनप्रतिको चासो र कौतूहल सर्वत्र बढ्दैछ । पहिलो चरणको निर्वाचन परिणामको नतिजा धमाधम सार्वजनिक भइरहेको छ । फेरि पनि मतदाताले पुराना पार्टीको विकल्प खोजेको देखिएन । कांग्रेस एमाले र माओवादी केन्द्रका उम्मेदवारहरु नै फटाफट विजयी भइरहेका छन् । यिनै तीन दलले स्थानीय तह निर्वाचन ऐन ल्याएर नयाँ दलहरुलाई चुनावमा भाग लिन दिएनन् । पुराना दलका विकल्पका रुपमा उदाएका नयाँ दलहरुलाई दलीय चुनावचिन्ह दिइएन । स्वतन्त्र उम्मेदवारका रुपमा नयाँ दललाई उम्मेदवार उठाउन बाध्य पारियो । स्वतन्त्र उम्मेदवारलाई चुनाव प्रचारप्रसार गर्ने समय पनि पाँच दिन मात्र दिइयो । नयाँ दलहरुले आफ्नो प्रतिबद्धता पत्र जनतासमक्ष लैजान पाएनन् । नयाँ दलहरुको 'भिजन' जनताले बुझ्ने अवसर नपाएकाले स्वतन्त्र उम्म्देवारप्रति जनचासो पनि खासै नदेखिनु अस्वाभाविक होइन । नयाँ दलहरुलाई पाखा लगाएर गरिएको निर्वाचनको परिणाम यही रुपमा आउने पूर्वानुमान गलत भएन । कांग्रेस, एमाले, माओवादी केन्द्र र राप्रपाको वैकल्पिक शक्तिलाई जनताले मतदान गर्न पाएनन् र फेरि पनि रुख, सूर्य, हँसिया हथौडामाथि नै स्वस्तिक चिन्ह बर्सिए ।

प्रथम चरणको निर्वाचन परिणाम दोस्रो संविधानसभा निर्वाचनको परिणाम जस्तै देखिएको छ । कांग्रेस र एमालेले हाराहारीमा जित हात पारिरहेका छन् । संसदमा चौथो शक्तिको हैसियत कायम गरेर सत्ताचास्नीमा सधैं डुबिरहने राप्रपालाई भने स्थानीय तह चुनावमा जनताले लगभग बहिष्कार नै गरिदिएका छन् । हिन्दू धर्म र संवैधानिक राजतन्त्रको आदर्शता बोकेको राप्रपा धर्मनिरपेक्ष, गणतन्त्रात्मक संविधान स्वीकारेर द्वैध चरित्र देखाएकै कारण जनताले अविश्वास गरेको बुझ्न सकिन्छ । अब आउने प्रादेशिक र संघीय संसदको चुनावमा पनि राप्रपालाई जनताले लोप्पा खुवाउने संकेतका रुपमा स्थानीय तह निर्वाचन परिणामलाई लिन सकिन्छ । समानुपातिकको जस्केलाबाट सिंहदरबार छिर्नेबाहेक अर्को वैकल्पिक उपाय राप्रपासँग नरहने देखिन्छ ।

प्रथम चरणको निर्वाचनमा मधेस केन्द्रित दलहरु सहभागी नभएका कारण उनीहरुको भाग्य फैसला मुल्तवीमा रहेको छ । आफूलाई मधेस



मसिहा ठान्ने उपेन्द्र यादवको संघीय समाजवादी फोरमको पनि पत्ता साफ भएको छ । लिम्बुवान पार्टीसँग एकता गर्दै पहाड नाप्ने उपेन्द्रको जमर्को कहीँ कतै सफल हुन सकेन । नयाँ शक्ति जन्माएर अरविन्द केजरीवाल बन्ने बाबुराम भट्टराईको सपनालाई पनि जनहुरीले मज्जैले उडाइदिएको छ । नयाँ शक्तिको चुनावी हालत देखेर कमरेड प्रचण्ड सम्भवत: खित्का छोडेर हाँस्दैछन् । साझा पार्टी र विवेकशील नेपाली दलको भने राजधानीमा देखिएको उपस्थितिलाई मतदाताले दुत्कार्न भने सकेनन् । यी दलका उम्मेदवारले पाएको मतले पनि जनताले विकल्प चाहिरहेको प्रस्ट हुन्छ । तर जनतालाई यी नयाँ दलबारे जानकारी लिने अवसर निर्वाचन आयोगले दिएन । यदि दलीय हैसियतमा नयाँ दलहरुले निर्वाचनमा भाग लिन पाएका भए चुनावी परिणामले रंग सायद फेर्ने थियो । बहुदलीय व्यवस्थामा संसद बाहिरका दलहरुलाई निषेध गर्दै सम्पन्न गरिएको स्थानीय तहको प्रथम चरणको निर्वाचन परिणामले फेरि पनि मुलुकको विकास र समृद्धिको कुरा 'सोम शर्माको सातु' जस्तै हुने सम्भावना छ । कांग्रेस एमाले माओवादी जस्ता ठूला दलहरुको कुशासनबाट जनताले फेरि पनि मुक्ति नपाउने भए । देशले दु:खको डोको बिसाउन नपाउने भयो । यी दलहरुको विकल्प रोज्न जनताले नपाएका कारण फेरि पनि यिनै पुराना दलहरुको वर्चस्व स्थापित हुन पुग्नु मुलुककै लागि दुर्भाग्य बनेको छ ।

स्थानीय तह निर्वाचन संविधान कार्यान्वयनको प्रथम खुड्किलो हो । यसपछि प्रादेशिक र संघीय संसदको निर्वाचन भए मात्र पूर्णरुपमा संविधान कार्यान्वयन हुन्छ । २०७४ माघ ७ गतेभित्र तीनवटै तहका चुनाव गरिसक्नुपर्ने संविधानले निर्देश गरेको छ । स्थानीय तहको निर्वाचन पनि ३, ४ र ६ प्रदेशमा मात्र भएको छ । अझै पाँचवटा प्रदेशमा चुनाव गर्न बाँकी छ । यसका लागि जेठ ३१ गते चुनाव गर्ने तयारी निर्वाचन आयोगले गरिरहेको छ । तर प्रथम चरणको निर्वाचनमा भाग नलिएको मधेस केन्द्रित दलहरुको एकरुप राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधन नगरी दोस्रो चरणको निर्वाचन गर्न नदिने अडान फेरि पनि दोहोऱ्याएको छ । तराईका जनतामा पनि चुनावी रंग चढिसकेको छ । दलहरुले धमाधम चुनावी प्रचार गर्न थालेका छन् । सम्भावित उम्मेदवार हरुको चर्चा परिचर्चा भइरहेको छ । तर मधेस केन्द्रित दलहरु भने संशोधनको बखेडा झिकेर दोस्रो चरणको निर्वाचन चुहाउने खेल खेल्न खोजिरहेका छन् । मधेसी नेताहरुलाई थाहा छ संविधान संशोधनका लागि अंकगणित कमजोर छ । हाल सांसद संख्या ५९३ छ । दुईतिहाई पुऱ्याउन ३९६ सांसद संख्या आवश्यक पर्छ । कांग्रेस माओवादी र राजपासँग यो सांसद संख्या छैन । प्रमुख प्रतिपक्षी दल एमाले संशोधनको पक्षमा छैन । राप्रपा पनि सत्ता पक्षलाई साथ दिनेवाला देखिँदैन । कुनै पनि हालतमा संशोधन प्रस्ताव संसदबाट पारित हुँदैन । निर्वाचनको मुखमा तराईमा स्थानीय तह संख्या थपिनुपर्ने मधेसी नेताहरुको मागप्रति एमालेले गम्भीर आपत्ति जनाइसकेको छ । लनिर्वाचनलाई पनि एक संघर्षकै रुपमा ग्रहण गरेर चुनावी मैदानमा जानुबाहेक मधेसी नेताहरुसँग अब कुनै विकल्प छैन । भारतीय राजदूत मन्जिवसिंह पुरीले समेत संघर्ष छोडेर निर्वाचनमा भाग लिन सुझाएको समाचार सार्वजनिक भएको छ । भारतद्वारा उचालिएका मधेसी नेताहरुलाई भारतले नै थचारिदिने संकेत पाएपछि उनीहरु निकै हतप्रभ र निराश मुडमा देखिएका छन् ।

मधेसी नेताहरुलाई जेठ ३१ को दोस्रो चरणको निर्वाचन 'नखाउँ भने दिनभरिको सिकार' **बाँकी ८ पेजमा**


# तालमेललाई जनताको लोप्पा

काठमाडौं । स्थानीय तह निर्वाचनमा दलहरुले गरेको चुनावी तालमेललाई मतदाताले रुचाएको देखिएन । अस्वाभाविक र अप्राकृतिक चुनावी तालमेल केन्द्रीय नेताहरुबीचमा मात्र सीमित रह्यो । कांग्रेस र माओवादी केन्द्रले एमालेलाई हराउन चुनावी तालमेल गरेपछि एमालेले पनि राप्रपासँग समझदारी कायम गऱ्यो । विशेषत: माओवादी केन्द्रले रेणु दाहाललाई जिताउन यस्तो तालमेल गरेको थियो । रेणु प्रचण्डपुत्री हुन् । तर भरतपुर महानगरपालिकाको सार्वजनिक भइरहेको निर्वाचन परिणाममा उनी पछि पर्दै गएकी छन् । यसले प्रस्ट पारेको छ कि कांग्रेसका मतदाताहरुले तालमेल मन पराएका छैनन् ।

पोखरा महानगरपालिकामा पनि यही अवस्था देखिएको छ । कांग्रेस माओवादी केन्द्रको चुनावी तालमेलका बाबजुद एमाले उम्मेदवार अगाडि देखिएका छन् । काठमाडौंमा राप्रपाका उम्मेदवार झन् पछि पर्दै गएका छन् । यदि साँच्ची नै चुनावी तालमेललाई जनताले स्वागत गरिदिएका भए भरतपुर र पोखरामा एमाले उम्मेदवारले अग्रता लिन सक्ने थिएनन् । पाटनमा पनि राप्रपाका उपमेयरको अवस्था निरीह बन्दै गएको छ । महानगरपालिकामा मात्र होइन नगर र गाउँपालिकामा समेत चुनावी तालमेल गरेका थिए दलहरुले । तर जनताले दलीय तालमेलप्रति सबैतिर आँखा चिम्लिएको देखियो । सत्ताका लागि दलहरुले गर्ने यस्ता चुनावी तालमेलले आफ्नो भलो नगर्ने जनताले बुझेजस्तो छ ।

राजा वीरेन्द्रको वंश विनाश गर्ने दरबार हत्याकाण्डको छानबिन गर्ने अवसर पाउँदा एमाले नेता माधवकुमार **बाँकी ८ पेजमा**

## नयाँ शक्तिलाई धक्का



काठमाडौ । वैकल्पिक राजनीतिक शक्ति बनाउने उद्देश्यले नेकपा माओवादीबाट विद्रोह गरी खडा गरिएको 'नयाँ शक्ति नेपाल' पार्टीका संयोजक डा. बाबुराम भटराईलाई स्थानीय निर्वाचनमा ठूलो धक्का लागेको छ । स्थानीय चुनावमा बाबुरामको नयाँ शक्तिलाई जनताले विश्वास गरेनन् ।

काठमाडौं महानगरपालिकामा नयाँ शक्तिका उम्मेदवारहरुले अत्यन्तै झिनो मत मात्र पाएका **बाँकी ८ पेजमा**

# मतदाता शिक्षाको दुई अर्ब कहाँ गयो ?




काठमाडौं । यसपालिको स्थानीय निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भए पनि निर्वाचन आयोगको लापर्बाहीका कारण ठूलो संख्यामा मत बदर भएका छन् भने मतगणना अत्यन्तै पट्यारलाग्दो रुपमा सञ्चालन भइरहेको छ । आयोगले अन्दाजका भरमा बनाएको भीमकाय मतपत्रले मतदाताहरुलाई पूरै अलमलमा पारिदियो । उम्मेदवर संख्याअनुसारका मतपत्र तयार पार्न आयोग असफल रह्यो । प्रचारप्रसारको समय अत्यन्तै कम दिएका कारण राजनीतिक दलहरु मतदातालाई भोट हाल्ने तरिका सिकाउन घरघर पुग्न सकेनन् । आयोगले मतदाता शिक्षा कहाँ कसरी सञ्चालन गऱ्यो त्यसको मतदातालाई पत्तै भएन ।

निर्वाचन आयोगले मतदाता सचेतना कार्यक्रमका लागि सरकारसँग दुई अर्ब बजेट मागेको थियो । यत्रो बजेटले पक्कै पनि मतदाताको घरदैलोमा आयोगले तालिम दिएर हजारौं युवाशक्तिलाई घरघरमा परिचालन गर्न सक्ने थियो । अहिले चर्चामा रहेका सामाजिक सञ्जालमार्फत पनि केही हदसम्म **बाँकी ८ पेजमा**

# ओलीको यस्तो बोली

काठमाडौं । एमाले अध्यक्ष केपी ओलीले दासढुंगा र दरबार हत्याकाण्डको रहस्य पत्ता लगाउने उद्घोष गरेका छन् । पार्टीका तत्कालीन महासचिव मदन भण्डारी र अर्का नेता जीवराज आश्रितको २४ औं स्मृति दिवसका अवसरमा गत बुधबार आयोजित कार्यक्रममा ओलीले यस्तो उद्घोष गरेका हुन् । उनले कांग्रेसकै कारण दासढुंगा हत्याकाण्डको रहस्य पत्ता नलागेको आरोप लगाएका छन् ।

एमालेले दासढुंगा काण्डलाई सुनियोजित षड्यन्त्र भन्दै हरेक स्मृति दिवसमा दोषी पत्ता लगाएर कारबाही गर्ने भन्दै आएको

छ । तर एमाले नेताहरु स्मृति दिवसको भोलिपल्टैदेखि यो विषयबारे 'चु' सम्म गर्दैनन् । यदि एमालेले तथ्य पत्ता लगाउन चाहेको भए मनमोहन



अधिकारी प्रधानमन्त्री भएका बेला नै शक्तिशाली छानबिन आयोग बनाएर घटनाको सत्य तथ्य बाहिर ल्याउन सक्ने थियो । त्यसबेला घटनाका प्रत्यक्ष साक्षी ड्राइभर अमर लामा जेलमै थिए ।

एमाले नेताहरु माधवकुमार नेपाल, झलनाथ खनाल, **बाँकी ८ पेजमा**

## राष्ट्रसंघको पत्रबारे खोजबिन

काठमाडौं । नेकपा एमालेले नेपाल सरकारलाई संयुक्त राष्ट्रसंघले पठाएको पत्र लुकाइएको भन्दै संसदलाई जानकारी दिन माग गरेको छ । प्रधानन्यायाधीश विरुद्धको महाअभियोग केही नेताको व्यक्तिगत स्वार्थमा अवरोध भएका कारण ल्याइएको भन्दै राष्ट्रसंघले निन्दा गरेर फिर्ता लिन सरकारलाई पत्र पठाएको एमाले नेताको दाबी छ ।

एमालेले राष्ट्रसंघको पत्र लुकाइएको भन्दै तत्काल संसदलाई जानकारी दिन माग गरेको छ । राष्ट्रसंघले पठाएको पत्र किन लुकाइयो ? परराष्ट्रमन्त्रीले प्रधानमन्त्रीलाई नदिएको हो कि, प्रधानमन्त्रीले पाएर लुकाएको हो ? यो कुरा संसदमा उठाउँछौं- नेम्बाङले भने ।

प्रधानन्यायाधीश सुशीला कार्कीविरुद्धको महाअभियोग प्रस्ताव फिर्ता नलिई संसद **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ**

# सत्ता परिवर्तनको बेमौसमी राग

**राजेन्द्र शर्मा**

स्थानीय तहको पहिलो चरणको निर्वाचन शान्तिपूर्ण ढंगबाट सम्पन्न भएको छ । छिटफुट घटना र दोलखा, काभ्रेलगायतका जिल्लामा भएका केही गम्भीर घटनाबाहेक तुलनात्मक रुपमा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न भएकोमा कुनै दुईमत छैन । निर्वाचनमा भएको जनसहभागिता उल्लासमय रुपमा रह्यो ।

स्थानीय निर्वाचनसम्मको सरकारको नेतृत्व गर्ने अभिभारा बहन गरेका माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल पहिलो चरणको निर्वाचनपछि नै पद त्याग गर्ने मनस्थितिमा पुगेका छन् । नौ महिना सरकार सञ्चालन गर्ने कांग्रेससँगको भद्र सहमतिअनुसार उनले पद त्याग गर्न लागेका हुन् ।



स्थानीय तहको निर्वाचनको कोर्ष पूरा नगरी फेरि हुन लागेको सत्ता परिवर्तनको खेलले दोस्रो चरणको निर्वाचन बिथोलिन सक्ने आशंका व्याप्त हुन थालेको छ ।

सत्ता परिवर्तनको विधि र प्रक्रिया पक्कै पनि सहज छैन । प्रधानमन्त्री पुष्पकमल दाहालले शेरबहादुर देउवालाई दिँदैमा उनी सजिलै कुर्सीमा पुग्न सक्दैनन् । शक्तिशाली रुपमा रहेको प्रमुख प्रतिपक्षी नेकपा एमालेले पनि सत्ताको दाबेदारी पेस गर्ने भएको छ । समाचारमा सार्वजनिक भएअनुसार प्रचण्डले सत्ता छोडेमा एमालेले वामदेव गौतमलाई प्रधानमन्त्रीको प्रतिस्पर्धीका रुपमा अगाडि सार्ने भएको छ । एमालेले सके आफैं लिने नसके पनि कांग्रेसलाई चाहिँ सत्ताको नेतृत्व नदिने गरी कसरत गर्ने तयारी थालिसकेको छ । चुनावलाई बीच बाटोमा छोडेर गर्न लागिएको सत्ताको खेलको टुंगो लगाउन पक्कै पनि सहज छैन ।

स्थानीय तहको दोस्रो चरणको निर्वाचनपूर्व मधेसी दलहरुलाई विश्वासमा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सम्पादन सहयोगी
घनश्याम ओली/गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल/धर्मराज पौडेल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail.com, www.greaternepal.com.np
*Visit : www.youtube.com Surendra Dhakal Social Activist*

# भोगौं अब सिक्किमको नियति



**सुरेन्द्र ढकाल**
(अध्यक्ष देपसा मोर्चा)

**चुनावको माहौल बढ्दै जाँदा आखिर जित उही राष्ट्रघाती, असक्षम र भ्रष्ट दलहरूकै हुने भयो । यस नतिजाले निम्नासारको संस्कार स्थापित भई अब नेपाल भन्ने देश नरहने भएको**

देशका भलो चाहने केहीले सोचेका थिए नेपाललाई शासन गर्ने दलहरु भ्रष्ट, असक्षम र राष्ट्रघाती भएको हुँदा स्थानीय निर्वाचनले यिनीहरुलाई जरैबाट उखेल्ने छ भनेर । भूकम्प पीडित भन्ने गर्थे अब यी पुराना दलहरु भोट माग्न त आउन हामी यिनीहरुको घुँडा फुकाल्छौं भनेर । यसबाट सबैलाई हौसला मिलेकै कारण नयाँ दलहरु नयाँ जोसका साथ चुनावमा होमिए । साँच्चै नै नेपाली जनताले हामीलाई बढार्नेछन् भन्ने डर ठूला दलहरुलाई लागेकै कारण संसदमा उपस्थित नभएका र नयाँ दलहरुलाई एउटै चुनाव चिन्ह नदिने रणनीति बनाइ निर्वाचन विधेयक बनाइ लागू गरे । चुनावको माहौल बढ्दै जाँदा आखिर जित उही राष्ट्रघाती, असक्षम र भ्रष्ट दलहरुकै हुने भयो । यस नतिजाले निम्नासारको संस्कार स्थापित भई अब नेपाल भन्ने देश नरहने भएको छ ।

१) यस स्थानीय निर्वाचनमा पुरानै दलहरुले जित्ने भएका कारण उनीहरुले गरेको राष्ट्रघात, भ्रष्टाचार र असक्षमताले नेपाली जनसर्मथन प्राप्त गरेको छ ।

२) केन्द्रमा भएका भ्रष्टाचार, राष्ट्रघात र असक्षमता चुनावमा भएको जितसँगै अब स्थानीयस्तरमा पुगी देश भ्रष्टाचारमय हुने निश्चित छ ।

३) निर्वाचित स्थानीय नेताहरुले नगरका मेयर, उपमेयर लगायत गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष अनि सदस्यहरुको रुपमा नियमित तलव, भत्ता सुखसुविधा र सुरक्षा समेत पाउने हुँदा साधारण खर्च बेस्सरी बढ्न गई विकास खर्च जुटाउन राज्यलाई धौधौ पर्ने स्पष्टै देखिन्छ ।

४) स्थानीयस्तरमा नै नेपाली जनताले नागरिकता, राहदानी लगायत राज्यबाट पाउने सुविधा पाउनु निश्चय नै राम्रो कुरा हो तर दक्षिणतर्फ सीमा खुला भएका देशमा जिल्ला कार्यालयले नागरिकता बाँड्दा त ६३ लाख भारतीयहरुले नेपाली नागरिकता पाइसके भने अब स्थानीय सरकारले नै त्यो काम गर्ने भएपछि दक्षिणको आम आप्रवासनको कारण नेपाली मूल नेपालमै अल्पमतमा परी देश अन्ततः फिजी हुँदै सिक्किम बन्ने निश्चित छ ।

५) यति थाहा पाउँदापाउँदै पनि नेपाली मतदाताले पुरानै दललाई रोज्नुले अब नेपालको भूगोल इतिहासका पानामा कैद हुने अवस्था आएको छ र यसको लागि को जिम्मेवार भनेर सोध्यो भने मतदाता नै जिम्मेवार भन्नुपर्ने हुन्छ । आखिर जनताले नै देश विदेशीलाई सुम्पन चाहन्छन् भने रोक्ने कसले ? भोगौं अब सिक्किमको नियति ।

## सम्पादकीय

# संशोधन होइन, निर्वाचनमा लागौं

लोकतन्त्रको मुख्य कसी मानिएको निर्वाचनप्रति जनताको आकर्षण तीव्र रूपमा बढेको झलक पहिलो चरणको स्थानीय तहको निर्वाचनले दिएको छ । निर्वाचन हुने, नहुने चरम अन्योलताका बीच सम्पन्न भएको निर्वाचनले संविधान कार्यान्वयनको एउटा गहन खुट्किलो उक्लिन सफल भएको छ । झन्डै बीस वर्ष अगाडिदेखि कर्मचारीको भरमा चलेका स्थानीय निकायहरूमा दलले तोकेका प्रतिनिधिहरूले समेत दलीय संयन्त्रका नाममा हालीमुहाली चलाउँदै आएका थिए । मुलुकको विकास र लोकतन्त्रको विकासका आधार स्तम्भका रूपमा रहेका स्थानीय तहमा अब जनादेश प्राप्त व्यक्तिहरूको प्रतिनिधित्व हुनेछ । पहिलो चरणको निर्वाचनले थपेको उत्साह र अनुभवको पूर्ण उपयोग गर्दै अब जेठ ३१ म गरिने दोस्रो चरणको निर्वाचनका लागि उपयुक्त वातावरण बनाउने कामको थालनी तत्काल गर्न आवश्यक छ ।

दोस्रो चरणको निर्वाचनका लागि जनताको माहोल तयार रहे पनि मधेसका मुद्दा बोक्ने केही मधेसवादी दलहरूले अझै विभिन्न बखेडा झिकिरहेका छन् । सार्वजनिक मञ्चहरूबाट संविधान संशोधनबिना दोस्रो चरणको निर्वाचन असम्भव रहेको  अभिव्यक्ति मधेसी नेताहरू दिइरहेका छन् । संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरिएको भए तापनि त्यो बहुमतबाट पारित हुने सम्भावना अत्यन्तै न्यून छ । खासगरी प्रमुख प्रतिपक्षी नेकपा एमाले अहिले पनि संशोधनको पक्षमा देखिँदैन । मधेसी नेताहरूलाई राजनीतिक रूपमा पृष्ठपोषण गरिरहेको भारतले समेत निर्वाचनमा लाग्नु भन्ने संकेत राजदूतमार्फत दिएको मिडियाहरूमा सार्वजनिक भइसकेको छ । भारतको आडमा नाकाबन्दी लगायत विभिन्न खालका मुलुकलाई क्षतिपुग्ने आन्दोलन गर्दै आएका मधेसी नेताहरू पछिल्लो चरणमा केही संयमित बनेका र पार्टी एकीकरण गरी निर्वाचनमा गतिलो उपस्थिति देखाउने तयारीमा लागेको पनि देखिन्छ । यद्यपि उनीहरूले धम्कीको भाषा बोल्न छोडेका छैनन् । निर्वाचनको तिथि नजिक भएको र पहिलो चरणको निर्वाचनमा समेत तयारी अवधि कम भएका कारण देखिएका समस्यालाई संम्बोधन गरेर जाने हो भने निर्वाचनको माहोलमा संशोधनको अल्झन थाप्नु कदापि उचित हुँदैन । आफ्ना मुद्दाहरूलाई थाँती राख्दै मधेसवादी दलहरूले निर्वाचनको माहोल बनाउने काममा जुटेको खण्डमा दोस्रो चरणको निर्वाचन पनि थप उल्लासमय ढंगले सम्पन्न हुने निश्चित छ । यसैगरी सत्ताको फेरबदलले पनि निर्वाचनमा प्रभाव पार्न सक्छ त्यसकारण यसबारे पनि निर्वाचनपछि सोच्न जरूरी छ ।

पहिलो चरणको निर्वाचनमा पर्याप्त मतदाता शिक्षाको अभाव र निर्वाचन आयोगको मतपत्र निर्माणमा देखिएका केही असहजताका कारण थुप्रै मतहरू बदर भएका छन् । यसरी ठूलो संख्यामा हुने बदर मतले जनताको मत जाहेरमा गम्भीर प्रभाव पार्छ । त्यसैगरी मतदानपछि मत गणनामा समेत आयोगको तयारी सर्वत्र आलोचनाको विषय बनेको छ । आफूले दिएको मत के भयो भन्ने कौतुहलता मतदातामा हुन्छ भने चुनावी दौडधुपले लखतरान परेका उम्मेदवारहरू थप लामो प्रतीक्षामा बस्नु पर्दा उत्तिकै हैरान हुन्छन् । त्यसैले विभिन्न मन्त्रालय कार्यालयहरूमा रहेका कर्मचारीहरूलाई मत गणनाको संक्षिप्त तालिम दिएर तत्काल मत गणनामा खटाइनुपर्छ । त्यसैगरी दलबाट खटिएका एजेन्टहरूले अनावश्यक विवाद झिक्नेभन्दा छिटोछरितो गणना सम्पन्न गराउन सहयोगी भूमिका खेल्न आवश्यक छ । अहिलेकै कछुवा शैलीको गणनालाई निरन्तरता दिने हो भने आयोगले भन्दै आएको सात दिनमा नतिजा निस्कन सम्भव छैन । पहिलो चरणको निर्वाचनका कमी कमजोरी सच्याउँदै दोस्रो चरणको निर्वाचन थप उल्लासपूर्ण र सफल बनाउन सबै पक्ष उत्तिकै सचेत र सक्रिय बन्न आवश्यक छ ।

# केही प्रश्न केही उत्तर



**जगदीश लामिछाने**
रौतहट, पौराई

कुनै बेला बेलायती साम्राज्यभित्र २४ सै घन्टा घाम अस्ताउँदैन थियो । अब त्यो सबै राजनीतिक साम्राज्य ब्रिटिस आइल्सभित्रै फर्किएको छ तथापि उसको भाषा राजनीतिक संसारभरी रहेको छ । यो अरु मातृभाषीहरुले पनि स्वीकार गरिदिएपछि नै भएको हो । साथै आफ्नो मातृभाषा अंग्रेजी हुनाले पनि घमन्ड नलिएर अंग्रेजी भाषाको सेवा गरिदिनाले नै भएको हो । भूतकालले बाँचिने होइन प्रेरणा मात्र लिइने हो । वर्तमानकाल नै पनि वास्तवमा हिजोकै आधारशिलामा अडिएको छ । हामी हिमवत् खण्डबासी नेपालीले पनि मूर्तरुपको राष्ट्र र मूर्त अमूर्त दुवै रुपको अध्यात्म तत्वसँगै लिएर वेदवेदांग सुरक्षितै राख्नु नै गोरक्षा गर्नु हो । त्यसैले हाम्रो नाम संसारमा गोरक्षा गोरखा भएको हो । युगयुगमा यही कुरा बुझेर खण्डनवादहरुले हाम्रो नामोनिशान मेटाउन भौतिक रुप हिमवत्खण्ड नेपाल र अध्यात्मका पनि मूर्त अमूर्त दुवै रुपमा हमला गरिरहेका हुन् । त्यही हमलामा कुन कुन कामबाट हिमवत खण्डबासी नेपालीले आफ्नो गोरक्षा गरे, त्यही मात्र यो लेखको सारांश हो । अरु त गएका प्रत्येक शुक्रबारमा छापिएकै छन् ।

भाषा र संस्कृति सेवीहरुको पनि आफ्नो सिमाना हुँदोरहेछ किनभने यहुदीहरुले र अंग्रेजी भाषासेवीहरुले संसारका दुई विश्वयुद्ध नहुने गराउन सकेनन् । जनताको पनि आफ्नै परिधि हुने रहेछ । रुस अमेरिका वैज्ञानिक समृद्धिमा पुऱ्याउनेले आफैं ग्यास च्याम्बरमा हिरोसिमा नागासाकीमा नपसी सुख पाएनन् । त्यसै कारण महत्वपूर्ण कुरो त त्यसबखतको सरकारले नै गर्न सक्दोरहेछ भनी इजरायल नामको सरकार बनाए । जापान प्यालेस्टिनीहरुले पनि त्यसै गरे । कसैको मुसलमानी नश्लको कहरताले संसारमै दुःख दिएको छ । पीडित नै छन् । त्यसै भए हामी हिमवत खण्डबासी त्यस्ता छैनौं त ? अवस्य छौं । वर्तमान कालमै पनि छौं । त्यही दोषले बाबुराम भट्टराई जस्ता पढेका नेपाल नचिन्नेहरुले पृथ्वीनारायण शाहलाई र महेन्द्रलाई एकता विरोधी भन्दैछन् । जातीय विभाजन गरी फेरि बाइसे र चौबीसेमा रुपान्तरण गरी कुनै छिमेकी राज्यको गाँस कबल यो हिमवतखण्ड नेपाल बनाउन उद्यत छन् । यही कुराको प्रयास स्वरुप जातीय र वर्गीय विद्वेष पस्कँदैछन् ।

तर हिमवत खण्डबासी नेपाली त्यस्ता छैनन् । उनीहरु आफूले गरे हुने र सक्ने काम युग युगमा गरिरहेछन् । दुःख छ उनको हातमा सरन्दार थिएन । यसैले लाहुरे ढोके र कान्छा भएर ‘मै मरे बाघले खाला भाष्षा मरे नेपाली काँ जाला’ भन्दै संसारभरि अमूर्त मूर्त दुवै अध्यात्म तत्व फिँजाउँदैछन् । यसैको पनि सिमाना हुँदोरहेछ कुनै बेला अंग्रेजले नेपाली गोरक्षा गर्ने सिपाहीहरु हङकङमा लगेर थन्क्यायो । कुनै बेला भारतीय नेपाली भनेर आफ्नै देश टिस्टा काँगडाविहीन बनाएको मात्र होइन सानो दार्जिलिङमै पनि गोर्खाल्यान्ड नदिई दुःख दियो । यसैले संसारमा राज्य नै ठूलो रहेछ भनी देखियो । जनता मात्र मेहनती भएर पुग्दो रहेनछ गोर्खालीहरुले सहरका सहर बनाउँदा पनि खेदिनुपर्ने रहेछ ।

अब नेपालीहरु अन्यत्रै फर्किए । भारतमा रहेको माओवादी तालिम केन्द्रमा केही झुक्किएर लागि मरे पनि अब विदेशमा धेरै कमाइ हुने हुँदा युरोप अमेरिकी वैदेशिक रोजगारीमा ज्यान छोडेर २०५३ पछि हुत्तिए । त्यसैको विप्रेषणले माओवादी युद्ध भरी नेपाल सरकारका कर्मचारी पाले भने आफ्नै घरको गुन्द्रुक र ढिँडोमा परिस्कार गरी बस्ने बासहरु पनि बनाए । राष्ट्रिय एकता गर्न मैथिली भोजपुरी मगरातीहरुले विदेश प्रवास गरी नेपाली भाषा मात्र बोली समन्वयको खेती गरे । नेपालमा शेष घले र धुर्मुस सुन्तली भएर महोत्तरीका मुसहर बस्तीमा मह जोडीसमेत साथै लिई गरिब बस्तीलाई सिंगारिर हेछन् । यहाा पनि पृथ्वीनारायण र महेन्द्रको एकताको क्रियात्मकता चालु गरे यो कुरा प्रजातन्त्री र वामपन्थी नेता हुँ भन्नेहरुले बुझ्दै नबुझी विखण्डनको लागि मात्र मलजल गर्नु कहाँको बुद्धिमानी हो ?

(१) इ.सं. १९४७ देखि अहिलेसम्म विदेशीहरुले नेपाली नेता हुँ भन्ने नै प्रयोग गरी दुःख दिइरहँदा हामीलाई हाम्रै नेता कुनै भए मीठै वचन मात्र पनि किन सुनाइँदैन ?

(२) २०५२ देखिको द्वन्द्व समाधान भयो है भी पीडक पीडित जनता दुवैतर्फलाई चित्त बुझाएर सत्ता सुख भोग्नेहरु नै किन सम्झाउँदैनन् र पीडितहरुलाई अझै रुवाउँदैछन् ?

(३) स्वदेशका मेलक तत्व भाषा, संस्कृति र व्यवहारका मेलक तत्व बिर्सनै पर्छ जस्तो रुखो व्यवहार गर्ने नै यो देशका निर्माणकर्ता भए काम खोज्न लाखौं किन विदेश छिर्नपर्थ्यो हैन र ?

(४) आफ्नै हिमवत्खण्ड नेपालको अमूल्य तत्व र संस्कृति विरोधी व्यवहार किन नेता हुँ भन्नेहरु नै जनतामाझ पस्की रहन्छन् ?

अतः दिल्ली गएर माओवादी ल्याउने सातै दलले हामी स्वदेशको हितमा तराई समेतका लाग्दछौं झगडा गरिरहँदैनौं भन्नैपर्ने भएको छ । माओवादीहरुले पनि यसै भन्नुपर्छ । नेपाली जनताको हितमा हामी पनि खुसी छौं भनी पूर्व राजाले पनि भन्नैपर्छ । उनलाई मात्र पन्छाउन पाइँदैन । अस्तु ।

**अबको क्रान्ति : पर्यावरणीय** — सुदर्शन प्रधान

# धर्म र धरती

हिमाल, नदी, खोला, तालतलैया, वृक्ष, वनजङ्गल, जीवजन्तु र पक्षीहरु; भूमि, आकाश, सूर्य, चन्द्र आदि वास्तविक भगवान् हुन् । जुन प्रकृति हुन्, जुन कुराहरुको हाम्रो भौतिक दैनिक जीवनसँग जीवन्त सम्बन्ध छ र यसको अभावमा हाम्रो जीवन असम्भव छ । हो त्यही हो भगवान् ! यसको व्यवहारतः आराधन गर्नु र संरक्षण एवम् संवर्द्धन गर्नु स्वयम् भगवान्को परिचय दिनु हो । फटाहाहरुको जिभ्रोको भगवान् र उनीहरुको किताबको भगवान् त दुनियाँलाई उल्लु बनाउने कल्पित भगवान् मात्र हुन् ।

अब प्रकृतिपूजक आदिवासीहरुका मूल्य, मान्यता, संस्कार, संस्कृतिहरुको महङ्क्व बढ्नेछ र सिङ्गो मानवसमाज र सभ्यताले उनीहरुको मार्ग पछ्याउनुपर्नेछ तर त्यसभित्रका कतिपय रुढिबूढी अन्धविश्वासी कुरा र कल्पित तथ्यहरु फाल्नुपर्नेछ । जस्तै– मानवहंस, उ जुनी, आउने जुनी, भूतप्रेत आदि कल्पित हुन् । यथार्थ यही जुनी हो र यही धरती र प्रकृति हो ।

मृत्युपछि मान्छे के हुन्छ ? यहाँ यो प्रश्न धेरैले उठाउन सक्छन् । जबाफमा स्पष्ट र निर्धक्क भन्न सकिन्छ– केही हुँदैन । बाँचुन्जेल मान्छे हिँड्छ, बोल्छ, आफ्नो काम गर्छ । बेलुका खाना खान्छ र सुत्छ । उठेपछि नित्य कर्म गर्छ । बिहानको खाजा खान्छ र आफ्नो कर्म थाल्छ........ । यसरी नै जीवन चल्छ । मृत्युपछि शवलाई कतै जमिनमुनि गाडिन्छ । त्यस्तो शव ६ महिनामा माटोमा मिल्छ तर अस्थिपन्जर झन्डै एक हजार वर्ष रहन्छ अनि दाँतहरु पचासौं हजार वर्षसम्म पनि रहन्छन् । शव जलायो भने सबै कुरा खरानी बन्छ । मान्छेको मृत्युपछि हंस बाँचिरहन्छ भन्नु काल्पनिक, भ्रम वा मिथ्या हो । प्रकृति एक मात्र सत्य हो । जो अनन्तकालसम्म जीवन्त रहन्छ तर यसको पनि सीमा छ । वर्तमान मानवसमाज र सभ्यताले जानअनजान चौतर्फी विनाश गर्न जति उद्दत छन् र त्यसमा ९९.९९ प्रतिशत लगानी गरिरहेछन्, त्यसमाथि अब यो धरतीको संरक्षणमा ब्युँतिएर श्रम, शक्ति र समय लगाउन सके काफी छ । पृथ्वी बँच्नेछ र यो संसार अनन्त कालसम्म रहिरहनेछ । साथसाथै हाम्रा भावी सन्ततिहरु पनि सहज महसुस गर्दै जीवन बाँच्नेछन् । यो ग्रह अर्थात् पृथ्वी वा धरतीको भविष्यबारे चिन्ता लिने र चिन्तन गर्ने कति होलान् यो विशाल जगत्भरि ?

होसियार ! स्वर्गमा पुग्ने कि नर्कमा डुब्ने ?

# केही गरे केही हुन्छ

यो जीवन र जगत् यस्तो गतिशील छ, जहाँ केही गरे केही हुन्छ । धरतीको सुरक्षामा विगत २० वर्षदेखि थुप्रै ठाउँहरुमा मैले थुप्रै अनुभवहरु सँगालें । यतिखेर मलाई केही घटना-परिघटनाहरुको सम्झना भइरहेछ, जुन सबैका लागि मननयोग्य बन्न सक्छन् । प्रकृतिको संरक्षणमा प्रेरणा बन्ने केही उदाहरण यहाँ पेस गर्ने अनुमति चाहन्छु–

२०६९ को असोज-कात्तिकतिर चितवन नारायणगढस्थित नारायणी नदीकिनार पुग्दा सिङ्गो चौर सफा, स्वच्छ देखेर दङ्ग परें, खुसी लाग्यो । अर्को दिन दियालोपथमा रहेका शुक्र प्रधान काकालाई भेट्न गएँ । उहाँले नारायणी किनार चौर हेर्न जाने मनसाय व्यक्त गर्दा मैले चौर सफा, शान्त, स्वच्छ रहेको कुरा सुनाएँ । “थाहा छ ? त्यो कस्ले गरेको ?” खुसी हुँदै उहाँले भन्नुभयो, “तिमी र तिम्रा बच्चाहरुले ५ वर्षअगि त्यहाँ सफा गरेको देखेर मेरो मन छोयो । तब मैले यहाँका क्लबहरु, टोल सुधार समितिहरु, स्कुलका विद्यार्थीहरु, खाते केटाकेटीहरु सबैलाई सम्झाईबुझाई गरेर, कतिलाई बिस्कुट, चकलेट बाँडी खुसी पारेर सफाई अभियान थालें । मलाई पूरा पाँच वर्ष लाग्यो चौर सफा गर्न ।”

मलाई सम्झना भयो– मेरा पिता प्रेमकुमार प्रधानको २०६४ चैत ११ गते निधन भयो । त्यस दिन देवघाटमा शव जलाएपछि अर्को दिन म त्यहाँबाट हिँडें र तनहुँ, लमजुङ, काठमाडौंका स्कुल-कलेजहरुमा वातावरण संरक्षणसम्बन्धी प्रवचनहरु दिँदै हिडें । धेरै विषयका मेरा प्रथम गुरू तथा पिताको स्मृतिले रन्थनिएँ । नवौं दिन म श्रीमती लक्ष्मी, छोरी रोजा, जुन्कोहरुलाई लिएर फेरि नारायणगढ गएँ । क्रिया बसेका मेरा दाजुभाइहरु दसौं दिन पितृलाई तर्पण र ब्राह्मणलाई दानदक्षिणा गर्न थाले । हामीचाहिँ नारायणी नदीवरपर फ्याँकिएका प्लास्टिक, जुत्ता, चप्पल, कपडा, छाता, बोराहरु टिप्न थाल्यौं । लगभग २ घण्टामा हामीले त्यहाँ झन्डै २ क्विन्टलजति फोहोर सङ्कलन गर्‍यौं । अन्तमा नगरपालिकाको ट्र्याक्टर आयो र प्रदूषित वस्तुहरु उठायो । यसमा अरूण पियाले पनि सहयोग पुऱ्याए । भोलिपल्ट पत्रपत्रिकामा छापिएको थियो ‘पितृको स्मृतिमा नदी किनारमा सफाइ !’

धन्य शुक्र काका ! तपाईं पनि मेरो प्रेरणाको स्रोत हुनुहुन्छ । जीवनमा एक-दुइटा काम गर्न सजिलो होला । तर वर्षौंवर्षलाई त कठिन मात्र होइन, महाकठिन हुन्छ मेरो हृदयको काका !

क्रमशः

# मैले देखेको सातौं विश्व आश्चर्य :
# बेजिङ ल्हासा रेलमार्ग

सुरेन्द्र ढकाल


रेलले छिचोल्ने मनमोहक हिमाली श्रृंखला



कहीं कहीं पुलमाथिबाट यस्तो रेल दौडन्छ


रेलको भित्री भाग


रेल्वे स्टेसनमा पर्यटकको भीड


ग्रेटवालमा सुरेन्द्र ढकाल (तल) र पर्यटकको घुइँचो (माथि)




रेलभित्रबाट खिचिएको चोङवाई सहरको एक भाग


संसारकै उच्च स्थलबाट रेल कुद्दै


सुत्न मिल्ने रेलको डिब्बा


कहीं कहीं यस्तो सुरुङबाट रेल छिर्छ


भविष्यमा काठमाडौं आउने चिनिया रेल यस्तै होला


चोङवाई रेल्वे स्टेसनबाहिर सुरेन्द्र ढकाल

चीनको ग्रेटवाल हेरिसकेपछि म बेजिङ ल्हासा रेलमार्गको अनुभव गर्न आतुर थिएँ । सेप्टेम्वर २९, २००६ तारिखको दिन बिहानै उठी सर्वप्रथम बेजिङबाट ल्हासा फोन गरी लिलामणीजीलाई आफू बेजिङ आएर होटलमा बसेको सूचना दिएँ र तत्पश्चात् बेजिङस्थित नेपाली राजदुतावासमा फोन गरेँ । आफूसँग भएको सबै फोन नम्बरहरूमा डायल गर्दा पनि फोन नउठेपछि सायद दशैंको विदाको कारण राजदुतावास बन्द भएको होला भन्ने सोचेँ ।

ब्रेक फास्ट सक्नासाथ होटलकै तल्लो तलामा रहेको पसलमा बेजिङ शहरको नक्सा किनेँ र होटल लवीमा नै बसी आफू जानुपर्ने ठाउँ रातो डटपेनले चिनो लगाएँ । यसप्रकार मेरो स्थल यात्रा बेजिङबाट शुरु भयो । आफू बसेको होटलबाट हिँडेर जाँदा मलाई थिआनयानम्यान चोक पुग्न ४५ मिनेट लाग्यो । बेजिङको जनसंख्याको १० प्रतिशत याने १५ लाख जनता त्यो चोकमा अटाउने संसारकै चोकमध्येको ठूलो चोक मानिदो रहेछ । मिङ वंशका राजाहरूले बनाएको पेगोडा शैलीका दरबार र मन्दिरहरू चोक उत्तरमा अवस्थित थिए । पहिलो दरबार जस्तो देखिने मन्दिरको भित्तामा अध्यक्ष माओको ठूलो तस्बिर सजाइएको थियो भने चोकको पूर्वमा ग्रेट हल अफ द पिपुल, दक्षिणमा माओ पार्थिव शरीर राखिएको स्मारक, पश्चिममा राष्ट्रिय म्युजियम रहेछन् । सन् १९८९ मा जर्मनीमा अध्ययन गर्न बस्दा रेलमार्गबाट मस्को जाने अवसर प्राप्त गरेको थिएँ र रेडस्क्वायरमा लेनिनको पार्थिव शरीर पनि हेर्न मौका परेको थियो । यसपालिको भ्रमणमा अध्यक्ष माओको पार्थिव शरीर देख्ने मौका पाएँ । बिहान ११ बजेसम्म जो कोहीलाई पनि उक्त स्मारकभित्र निशुल्क प्रवेश गर्न दिइँदो रहेछ । अनुशासनबध्द लाम लागेर भित्र जानेहरूको ठूलै संख्या हुँदो रहेछ । स्मारकबाट बाहिर आएपछि मैले एकपटक माओ, लेनिन, तेङ र गोर्भाचोभलाई सम्झेँ ।

माओले खडा गरेको राजनैतिक सांस्कृतिक जगमा तेङले ल्याएको परिवर्तनले गरेको चीनको विकास र त्यस्तै लेनिनले खडा गरेको जंगमा गोर्भाचोभले प्रजातन्त्र र स्वतन्त्रताको नाममा गराएको सोभियत संघका पतनलाई मैले तुलना गर्दा देशको सामाजिक आर्थिक विकास नेतृत्वको भूमिका कस्तो हुँदो रहेछ त भन्ने स्पस्ट अनुभव गरेँ । त्यतिखेर बेजिङ 'एक विश्व एक सपनाको नारा' लिएर २००८ को ओलम्पिक तयारी युद्धस्तरमा गरिरहेको थियो ।

विदेशीले नदिँदा कर्मचारीको तलव खुवाउन नसक्ने नेपालको स्थितिलाई एक पटक सम्झे । त्रिभुवनदेखि ज्ञानेन्द्र, मातृकादेखि गिरिजासम्मका सबै राजा र प्रधानमन्त्री भनाउँदाहरूको अनुहार मेरो मानसपटलमा आयो । मलाई ती पदलोलुप र असक्षम अनुहारहरू सम्झँदा आफैंलाई घृणा लागेर आयो । फेरि एक पटक मैले कामरेड भण्डारीलाई सम्झेँ, उनको हत्याराहरूको राष्ट्रघाती कार्यहरू मेरो मानसपटलमा आयो । अनि अत्यमा कामरेड प्रचण्डलाई पनि सम्झेँ । के माओ, लेनिनको कद हाम्रा नेताले बनाउलान् त ? के नेपाललाई आगामी १० वर्षमा यिनको नेतृत्वले स्वीटजरलैण्ड बनाउन सक्ला त ? भन्ने जस्ता प्रश्नहरू मेरो मगजमा ओइरिए । यस्ता कुरा सम्झिरहँदा विस्तारै घाम मेरो टाउको माथिबाट पश्चिमतर्फ लाग्दै गरेको थाहै भएन । म भने सफा सुग्घर बेजिङ शहर भित्रभित्रै हिँड्दै आनन्द लिइरहेको थिएँ । त्यसैबेला मलाई ल्हासाको लागि रेलको टिकट किन्नुपर्ने कुराको याद आयो र म नक्सा हेर्दे त्यतातिर हानिएँ । बेजिङमा पूर्वी र पश्चिमी गरी २० किलोमिटर जतिको दूरीमा दुइवटा ठूला रेलवै स्टेशन रहेछन् । पश्चिमी स्टेशनबाट हरेक रात साढे नौ बजे ल्हासाको लागि रेल छुटने रहेछ । पूर्वी स्टेशनको काउन्टरमा पुगी टिकट माग्दा टिकट विक्रेता महिलाले हार्ड अथवा सफट कुन चाहीँ टिकट भनी सोधिन् ।

संसारको कुनै पनि स्टेशनमा मलाई यस्तो प्रश्न राखिएको थिएन । मैले सोझो अर्थमा हार्ड भन्नाले रक्सी खान पाइने महँगो क्लास र सफ्ट भन्नाले जुसहरूमात्रै खान पाइने दोस्रो क्लास भन्ने सोची सफ्ट भने । मसँग १२२६ यूआन - त्यतिखेरको रु ११०००) मागियो र मेलै सफ्ट क्लासको सुत्ने सुविधा समेत भएको सिट बुक गरेँ । पछि राम्ररी बुझ्दा पो हार्ड भनेको कडा ओछ्यान भएको दोस्रो क्लास र सफ्ट भनेको नरम ओछ्यान भएको फस्ट क्लास रहेछ । मैले फस्ट क्लासको टिकट लिएको रहेछु । हार्ड लिएको भए ८०० यूआन पर्ने रहेछ । मैले कुरा नबुझ्दा डेढी मूल्य बढी भएको टिकट किन्न पुगेछु । सम्पूर्ण युरोप युरेलबाट घुमेको मलाई रु ११००० को ४१ घन्टे रेल महँगो भने लागेन र महँगो टिकट किनेछु भनेर पछुताउ पनि भएन । बिहान ९ बजे बेजिङ शहरको चक्करमा हिँडेको म रेलको टिकट किनी सक्दा बेलुकीको ६ बजिसकेको थियो ।

भोलिपल्ट हाम्रो असन न्यूरोड भने जस्तो बेजिङ शहरको मुख्य भाग डुलेर बिताइयो । होटल बिहानै छोडेर आफ्नो सानो सुटकेश होटलको रिसेप्सनलाई जिम्मा दिएर म होटलबाट निस्केको थिएँ । बेलुकी ५ बजे होटल पुगेर आफ्नो सुटकेश लिई ६ पनि नबज्दै म रेलवेस्टेसन पुगिसकेको थिएँ । बेलुकी आठ बजे रेल छुटयो ।

**बेजिङ ल्हासा रेलवे**

सन् २००६ को जुलाईबाट बेजिङ ल्हासा रेल संचालनमा आएको थियो । यस रेलमार्ग ३ अरब ५० करोड अमेरिकी डलरको लागतमा बनेको थियो । ३७५७ किलोमिटरको दूरी भएको यो रेलमार्ग चीनको आठवटा प्रान्त पार गर्दै तिब्बतको सबैभन्दा उच्च भाग छिंगहाई हुँदै ल्हासा आइपुग्छ । सुत्ने सुविधा अनि अत्याधुनिक शौचालय समेत भएको वर्थमा छिर्ने बित्तिकै जुता खोली म ओछ्यानमा पल्टिहालेँ । सिरानैमाथि अक्सीजनको माक्स पनि देखेँ । नेपालमा सन् १९८४ को धौलागिरि पर्वतारोहण अभियानमा राइनहोल्ड मेस्नरको टोलीसँग पर्यटन मन्त्रालयको लियाजो अफिसर भएर धौलागिरिको एडभान्स क्याम्प ५५०० मिटरको उचाइसम्म पुगिसकेको कारण मलाई मास्कको सायद आवश्यकता नपर्ला भन्ने सोचेँ तैपनि कसरी प्रयोग गर्ने रहेछ भनेर अंग्रेजी लेखिएको निर्देशिका पढेँ ।

दिनभरी बेजिङ शहर घुमेर थाकेको भुसुक्कै निदाएँछु । बिहान सवा ७ बजे आँखा खुल्दा नांगो डाँडाको मुनी एक सुन्दर शहर भएको ठाउँमा रेल रोकिएको रहेछ । कहाँ आइपुगेछ भनेर नक्सा हेर्दा १२६३ किलोमिटर पार गरी ३००० मिटरको उचाइमा रहेको चोंगवेइ भन्ने शहर रहेछ भन्ने थाहा पाएँ । रेल केहीवेर रोकिन्छ भन्ने थाहा पाएपछि बाहिर निस्केर एक चाइनिजलाई आफ्नो एउटा फोटो खिच्न लगाएँ । केहीवेरपछि रेल फेरि ओरालो लाग्यो अनि क्रमस १५३० मिटरको उचाइमा रहेको लानचाओ, २२०० मिटरको उचाइमा रहेको सिनिंग आइपुग्दा रेलले १७८५ किलोमिटर पार गरिसकेको थियो । त्यतिखेर दोस्रो दिनको दिउँसोको ३ बजिसकेको थियो । रेलभित्रै सस्तोमा चिया, चाइनिज खाना सबै पाइँदो रहेछ । त्यति महँगो नलागेकोले खानाको चिन्ता थिएन । रेल फेरि विस्तारै उकालो लाग्यो डेलिन्घा पुग्दा रेल २९८० मिटरको उचाइमा थियो । बाहिर अँध्यारो भइसकेको थियो ।

तेस्रो दिनको बिहान गोरमु हुंदै रेल नांग्चुतर्फ लाग्दा यांगवाजिगमा रहेका यस रेलमार्गको सबैभन्दा लामो ९६० किलोमिटर लम्वाई भएको टनेल (सुरुंग) पार गर्नु पर्ने रहेछ । नाग्चु पुग्दा ४५०० मिटरको उचाइबाट रेल कुदिरहेको थियो । सेता हिमश्रृंखलाहरु मनमोहक देखिन्थे ।

रेलमार्गको छेवछाव कतै भेडा अनि कतै चौरीको वथान देखिन्थ्यो । यही खण्डमा विश्वको सबैभन्दा उच्चस्थल ५०७२ मिटरमा रहेको टांग्गुला पर्वतको भन्ज्यागबाट रेल हुइँकिदो रहेछ । सायद यही ठाउँको लागि अक्सिजन मास्कको ब्यवस्था गरिएको थियो होला आफूलाई त्यसको आवश्यकता नै परेन । .त्यसपछि रेल पुनः ओरालो लाग्न थाल्यो अनि ३६५० को उचाइमा रहेको ल्हासा रेलवे स्टेसनमा आएर रेल रोकियो । मित्र लिलामणीजीले नेपाली कन्सुलेटको ड्राइभरसहित गाडी स्टेसनमा नै पठाइदिनु भएको रहेछ । यसप्रकार म वैतनिक वाणिज्य दुतको निवास पुगी लिलामणीजीको आतिथ्यसँगै बेजिङ

महिला हस्ताक्षर

■ शर्मिला पाठक

# कानुन बन्यो कार्यान्वयन भएन

फूलमाया सानी छँदा उनकी आमाले मौसम अनुसारको तरकारी फलाएर धेरै पैसा पाउने आशामा घर-घरमा तरकारी बेच्ने गर्थिन् । तरकारी बेच्ने क्रममा एक दिन गाडीको ठक्करबाट उनकी आमाको ज्यान गयो । त्यसपछि शहरमा राम्रो काम पाउने आशामा उनी गाउँकै एकजना दिदीसँग काठमाडौं आइन् । १३ वर्षको उमेरमा काठमाडौं छिरेकी उनले सुरुमा गलैंचा कारखानामा काम गरिन् ।

त्यो काम गर्न कठिन, पैसा पनि निकै कम । त्यसपछि उनले दोहोरी साँझमा नाच्न सुरु गरिन् । यसको एक वर्षपछि उनले विवाह गरिन् । जीवन खुशी छ जस्तो लाग्थ्यो । दुवै जना काम गर्थे, घर खर्च पनि चलेकै थियो । विवाहपछिको एक वर्षमा छोराको जन्म भए सँगै दुःखका दिन सुरु भए । 'श्रीमानले छोरो मेरो होइन भन्न थाले । नाच्दार नाच्दै कसको छोरो पाएकी भन्दै उसले हरेक दिन रक्सी खाएर कुट्ने,' उनले थपिन्, 'मलाइ मात्रै होइन बालक छोरालाई समेत कुट्न थाल्यो ।' दोहोरी साँझमा काम गरेकै कारण हरेक दिन यसरी नै शारीरिक र मानसिक पीडा भोग्न फूलमाया बाध्य भइन् । उनको श्रीमानले यही बहाना बनाएर उनलाई छोडे ।

उनले भनिन् 'पढाउने मान्छे नहुँदा राम्रो काम गर्न सकिएन, जीवन गुजारा त गर्नु नै छ, घरमामात्र हैन काममा पनि सजिलो अवस्था छैन, घरमा आएका पाहुनाले समेत शारीरिक सम्बन्ध राख्न खोज्छन्, नमान्दा रक्सीको बोतलले हान्छन्, कतिले त खाँदै गरेको चुरोटले पोल्ने गर्छन् ।'

**'पढाउने मान्छे नहुँदा राम्रो काम गर्न सकिएन, जीवन गुजारा त गर्नु नै छ, घरमामात्र हैन काममा पनि सजिलो अवस्था छैन, घरमा आएका पाहुनाले समेत शारीरिक सम्बन्ध राख्न खोज्छन्, नमान्दा रक्सीको बोतलले हान्छन्, कतिले त खाँदै गरेको चुरोटले पोल्ने गर्छन् ।'**



यस्तै समस्या छ, नुवाकोटकी जीवनी परियारको पनि । आर्थिक समस्याले गर्दा केही काम पाईन्छ की भन्ने आशामा काठमाडौं आएकी उनी केही समयमा नै नयाँ बसपार्कमा रहेको एक होटलमा गीत गाउने काम सुरु गरिन्, पैसाको अभावमा नै काम गरेकी उनलाई काम गरेको पाँच महिना बितिसक्दा समेत होटल मालिकले पैसा दिएन । उनले काम छाडिन् । १६ वर्षकी उनले बाध्य भएर काठमाडौंमै अर्को दोहोरी साँझमा गीत गाउन सुरु गरिन् । 'साँझदेखि गीत गाउन सुरु गर्‍यो, मध्यरातसम्ममा स्वर नै सुकिसकेको हुन्छ त्यसमा पनि आफूलाई राम्रो लागेको र सजिलो गीत गाउन पाईंदैन । आएका पाहुनाको माग कस्तो हुन्छ सोही अनुरुप गीत गाएर उनीहरुलाई खुसी बनाउनु पर्ने बाध्यता छदैछ' उनले भनिन् ।

गीत गाएर मासिक सात हजार रुपैयाँ कमाउने उनलाई पनि मालिकले काम गर्नका लागि नियुक्ति पत्र दिएका छैनन । आर्थिक समस्या भएपनि परिवारले दोहोरी साँझमा गीत गाउने काम गरेको थाहा पाएपछि नराम्रो काम गरेको भन्दै कहिलेकाँही घर जाँदा राम्रो व्यवहार गर्दैनन् ।

कक्षा आठसम्म मात्र पढेकी उनले मनोरञ्जन क्षेत्रमा काम गरेकाले नै हिंसाको सिकार बन्नुपरेको बताउँछिन् । भनिन 'परिवारले पनि सहयोग नगर्दा निकै दु ख लाग्छ ।' काम सबै राम्रो नै हुन, तर समाजले हेर्ने नराम्रो हेराइका कारण मनोरञ्जन क्षेत्रमा काम गर्ने किशोरी हिंसामा पर्नुपरेको उनको अनुभव छ ।

यस्तै समस्या भोगिरहेकी छन् दोलखाकी रेश्मीले पनि । उनले तीन वर्षदेखि काठमाडौंको एक होटलमा गीत गाउने काम गर्छिन् । घरमा परिवार धेरै भएपछि पढ्न नपाएको उनले बताइन् । पढ्न र काम गर्न पाउने आशले उनी शहर आइन् । होटलमा गीत गाउने काम पाइन् । तर काम लगाउने वहानामा कहिले मालिक त कहिले होटलमा आउने ग्राहकबाट दिनहुँ जस्तै हिंसाको सिकार बन्नु परेको छ ।

'होटलमा आउने ग्राहकले कति राम्रो गीत गाएको भन्दै शरीरका विभिन्न भागमा सुमसुम्याउने र गालामा चुम्न समेत पछि पर्दैनन' उनले भनिन् । नमान्दा उल्टै नानाथरी अपशब्द बोल्ने, गाली गर्ने र कामबाटै निकाल्ने धम्की समेत दिने गरेको गुनासो उनले गरिन् । यस्तै समस्याले गर्दा उनले दुई वर्षको अवधिमा तीनवटा ठाउँ फेरिसकिन् । यस्तो काम गरेको भन्दै हरेक दिन परिवारले काम छोड्न दबाब दिन्छन् । उजुरी गर्दा काम नपाउने डरले धेरै किशोरीले हिंसा सहेर बस्ने गरेको उनले बताईन् । गरिवीका कारण र अशिक्षाले गर्दा मनोरञ्जन क्षेत्रमा धेरै किशोरी लागेका छन् ।

महिलाका निम्ति महिला मञ्च नेपालको संस्थापक अध्यक्ष सृजना पुन मगरले भूकम्पपछि भएको सामूहिक बसाईले र बेरोजगारीले गर्दा सिन्धुपाल्चोक, धादिङ, नुवाकोटलगायतका जिल्लामा किशोरीमाथि हिंसाको घटना वढी भएको बताईन् । 'हिंसा बढेपछि काम खोज्दै मनोरञ्जन क्षेत्रमा आउने किशोरी बढेका छन् ।'

यस क्षेत्रमा काम गर्ने सबै किशोरीको समस्या उस्तै छ । हाल काठमाडौं उपत्यकामा झण्डै २५ हजार डान्सबार छन् । ती डान्स बारमा करीव ५० हजार श्रमिक महिलाले काम गरिरहेका छन् । मनोरञ्जन क्षेत्रमा काम गर्ने ९३ प्रतिशतले शारीरिक मानसिक वा अन्य तरीकाबाट हिंसाको सिकार बन्नु परेको छ ।

सरकारले क्याविन रेष्टुरेन्ट, डान्सबार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न २०६५ सालमा जारी गरेको निर्देशिकाले व्यवसाय दर्ता र सञ्चालनको शर्त समायावधि तथा कार्यस्थलमा हुने शोषण यसका लागि कारवाही व्यवस्था गरेपनि यसको कार्यान्वयन नहुँदा यस क्षेत्रमा काम गर्ने श्रमिकले शोषणमा पर्नु परेको यथार्थ छ ।

व्यवस्थापिका संसद्को महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समितिका अध्यक्ष रञ्जु कुमारी झाले निर्माण गरिएका नियम कानुन प्रभावकारी रुपमा कार्यान्वयन नहुँदा समस्या देखिएको बताउनुहुन्छ । सभापती झा भन्नुहुन्छ 'कानुन कार्यान्वयन गर्नका लागि सबै निकाय सक्रियतापुर्वक लाग्नुपर्छ ।'

सर्वोच्च अदालतका तत्कालिन प्रधानन्यायाधीश कल्याण श्रेष्ठले मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाका लागि आचारसंहिता निर्माण गरी जारी गर्नुभएको थियो । त्यसमा मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलालाई रात्रिकालिन सेवा, काम गर्दा सवारी साधनको व्यवस्था गर्नुपर्ने, सम्मानजनक व्यवहार गर्नुपर्ने, उचित पारिश्रमिकको व्यवस्था गर्नुपर्ने लगायत व्यवस्था गरेको थियो । तर सर्वोच्च अदालतले जारी गरेको निर्देशिका प्रभावकारी रुपमा कार्यान्वयनमा आएको देखिदैन ।

*सञ्चारिका फिचर सेवा*

कविता

## देशको दुर्दशा



प्रकाश चालिसे

श्रीभग्वान पशुपतिनाथ पुलिसको पहरामा
अनि पवित्र नदी वाग्मति ढलको छहरामा
जनताको औषधि गर्ने अस्पताल आफैं बिरामी छ
बिरामीले सेवन गर्ने धेरै औषधिको म्याद सकिएको छ,

अभाव र महँगी, समस्या र चुनौतिको
प्रकरण सपथग्रहण
विदेशी भाषामा नेपाली उपराष्ट्रपतिको
यो कस्तो विडम्वना
सर्वोच्च अदालतको ठाडो अपहेलना
सभासदहरु नागरिक सर्वोच्चतामै तल्लिन
कसले टुङ्गाउने नयाँ संविधानको विवेचना
खिन्न छ सबै नेपालीको मन
देशमा छैन सिवाय हत्या र हिंसा
सांसद र मन्त्रीहरु भत्ता पचाउनमा मात्र व्यस्त
अनि सर्वत्र देखिन्छ खाली दुर्दशा
होस् गर ठालु नेताहरु यसैगरी शासन गर्न पाइन्न ।
फलामे चिउरा तिमीहरुले खानु पर्ला
जनतालाई कुहिएको अन्न खुवाउन पाइन्न ।

## "चक्लेट"

सुधा राना

दिनहुँ सधैं जसो यो मन
तिमीमा बरालिदा
अचेल त खोज्न पनि झ्याउ लाग्छ
आफ्नै मनलाई गोठालो बनेर ।
फेरी सोच्छु घरीघरी
साच्चै मान्छेको मन हात खुट्टा
हुँदो हो र त
जबरजस्ती गर्दिन्छ।
अट्टेरी भैदिन्छ।
एउटा चक्लेटको निम्ति केटाकेटी रोए जसरी
म पनि त आशक्ति बनेर तिम्रै
प्रेममा हराउदा
यी दुई आँखाबाट मैले
हो त्यसरी नै
नुनिलो सागर नबगाएको होइन ।


Remember us for the Construction of Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www.ewesnepal.com ä®:
E-mail: info@ewesnepal.com , hbgewe@gmail.com


# विद्यालयमा नै किशोरीलाई सेनेटरी प्याड

शर्मिला डिसी/घोराही

घोराही नगरपालिका स्थित बालविकास माध्यमिक विद्यालयले किशोरीहरूलाई बिद्यालयमा नै सेनेटरी प्याडको व्यबस्था गरेपछि किशोरीहरूको बिद्यालय छाड्ने क्रम रोकिएको छ । दाङ जिल्लाका जिल्ला शिक्षा अधिकारी रमेश मैनालीकाअनुसार बाल विकास माविसँगै जिल्लाका सबै सामुदायिक बिद्यालयमा यो अभ्यास सुरुवात गरिएको छ । यस्तो सुरुवातले सकारात्मक प्रभाव परेको उनले बताए । 'सेनेटरी प्याड बिद्यालयमा नै उपलव्ध हुन थालेपछि विद्यालयमा छात्राहरूको उपस्थिति राम्रो रहेको छ' । उनले भने ।

'सेनटरी प्याड व्यबस्था भएका बिद्यालयमा अध्ययनरत छात्राहरू बिद्यालयमा नै महिनावारी भएमा धक नमानीकन बिद्यालय प्रशासनमा गएर प्याड माग्छन् र यसको प्रयोग गर्ने गर्दछन् ।' बालबिकास माविकी लेखापाल चाँदनी हमालले भनिन् - 'महिनावारी महिलाको प्राकृतिक कुरा हो, प्याड माग्नका लागि छात्राहरू कुनै संकोच मान्दैनन् ।' हमालकाअनुसार प्याड फेर्नको लागि पनि बिद्यालयमा बेग्लै कोठाको व्यबस्था गरिएको छ ।

विगत दुई वर्षदेखि विद्यालयमा छात्रालाई महिनावारी हुँदा प्याड दिने व्यवस्था गरिएको हो । हमालले भनिन्, 'त्यसअघि यस्ता कुरा थाहै पाईदैनथ्यो । कसलाई कतिबेला महिनावारी भयो भनेर सोध्ने कुरा पनि हुदैन थियो । महिनावारीलाई समाजमा एउटा लाजको विषय मानेका कारण पनि महिलाले बिभेद व्यहोर्नु परेको हो । तर यस बिद्यालय सेवा क्षेत्रभित्र धेरै सहज भएको छ ।' छात्राहरूमा १३ वर्षको उमेरदेखि महिनावारी शुरु हुन्छ । महिनावारी भएको समयमा कसैलाई लामो समयसम्म पेट दुख्ने हुँदा आरामको जरुरी हुन्छ ।



'बिद्यालयमा सेनेटरी प्याडको व्यबस्था नहुँदा हरेक महिना कम्तीमा ३ देखि ५ दिन छात्राहरू अनुपस्थित हुने गर्दथे ।' बाल विकास माविका प्रधानाध्यापक राजेन्द्र श्रेष्ठले भने- 'बिद्यालयका तर्फबाट अध्ययन गर्दा महिनावारीका कारण छात्राहरूको कक्षा कोठामा अनुपस्थित रहेको पुष्टि भएपछि यो व्यबस्था गरिएको हो । अहिले कक्षामा छात्रा अनुपस्थित हुने क्रम रोकिएको छ ।'

'छात्राहरूको कक्षा निरन्तरता नभएपछि पढाइमा कमजोर हुने र यसको परिणाम बालबिबाहमा रुपान्तरण हुने समस्या थियो ।' सोही बिद्यालयकी शिक्षिका बिमला थापाले थपिन् ।

घोराही नगरपालिकामा मंसीरको अन्तिम साता सम्पन्न नगरस्तरीय बाल भेलाले सबै सामुदायिक बिद्यालयमा सेनटरी प्याडको व्यबस्था गर्न माग गरेका थिए । घोराही नगरपालिकाका बालमैत्री स्थानीय शासन सम्पर्क व्यक्ति स्मृती भण्डारीकाअनुसार बाल भेलाले उठाएका यी सवाललाई नगरपालिकाले गम्भीरतापूर्बक हेरेको छ र अन्य सरोकारवालाले पनि बालबालिकाको आवाजको कदर गर्ने क्रममा यो व्यबस्था भएको हो । 'हामीले केही भन्न पर्दैन, बालबालिका आफै उनीहरूका सवालमा सक्रिय हुन्छन् ।' भण्डारीले थपिन् । घोराही नगरपालिकामा बिद्यालय स्तरीय २३ र समुदाय स्तरमा १८९ बालक्लव छन् । बिद्यालय, समाज र स्थानीय तहमा उनीहरूले निरन्तर खबरदारी गर्छन् । बिद्यालयमा बालक्लबकै कारण सेनेटरी प्याड लगायतको व्यबस्था हुन सकेको हो ।

बाल विकास माध्यामिक विद्यालयकी बाल क्लबकी अध्यक्ष पूर्णीमा पुनले पनि बाल क्लबका कारण बाल अधिकार स्थापित भएको दाबी गरिन् । 'पहिलेको तुलनामा अहिले धेरै सहज भएको छ । पहिले विद्यालयमा सरसफाई सामाग्री, प्याड, तथा चेन्जीङ रुम थिएन । यसबाट खास गरेर किशोरीहरूमा विद्यालय छोड्नुपर्ने वाध्यता थियो । अहिले त्यो समस्या टरेर गएको छ ।' उनको थप भनाई थियो- 'महिनावारी सबै किशोरीहरूमा हुन्छ । यो समस्या नभएर प्राकृतिक कुरा हो । हाम्रो समस्यालाई बिद्यालयका शिक्षक, शिक्षिका र अभिभावकहरूले बुझ्नु भएको छ ।'

'महिनावारी हुने समय थाहा हुँदैन, पहिले विद्यालयमा प्याडको व्यवस्था नहुँदा कहिले विद्यालय जाने क्रममा बाटोमै महिनावारी हुन्थ्यो, त्यो बेला छात्राहरू विद्यालय नगएर घर फर्किन्थे । शिक्षक शिक्षिकाहरू लाई भन्न पनि सकिदैन थियो । यस कारण पढाई प्रभावित त हुन्थ्यो । सजाय समेत भोग्नु पर्थ्यो ।' पुनले भनिन्-'अहिले विद्यालयमा प्याडको व्यवस्था भएदेखि म लगायत मेरा साथीहरूलाई धेरै सहज भएको छ । सर म्यामहरूलाई आफ्ना सबै समस्या खुलेरै भन्छौं । केही अप्ठयारो लाग्दैन ।'

पछिल्लो समयमा बाल विकास मावि मात्र होइन दाङका अधिकांश सामुदायिक तथा निजी विद्यालयहरूमा यो व्यवस्था गरिएको छ । सेनेटरी प्याड विद्यालयमा उपलव्ध भएपछि छात्राहरूको कक्षा निरन्तरता भएको जिल्ला शिक्षा कार्यालय दाङको ठम्याई छ ।

'जिल्लाका सामुदायिक तथा निजी विद्यालयमा अध्यनरत छात्राहरू महिनावारी भएकै कारण बिद्यालय छोड्न बाध्य हुन्थे ।' जिल्ला शिक्षा अधिकारी मैनालीको कथन छ 'बिद्यालय छोडन् वाध्य भएपछि उनीहरूको पढाई प्रभावित हुने गर्दछ । यसबाट अभिभावक र शिक्षक शिक्षिकाबाट माया पाउनबाट पनि उनीहरू क्रमशः बन्चित हुँदै जान्छन् ।'

'दाङको घोराही नगरपालिकामा बालमैत्री स्थानीय शासन अबलम्बन गरिएपछि विद्यालय तहमा यस प्रकारको सुधार भएको हो । बिद्यालयमा छात्रामैत्री शौचालय नहुनु, महिनावारी भएको समयमा आवश्यक पर्ने प्याड विद्यालयमा उपलव्ध नहुनु समस्या थिए । बालमैत्री स्थानीय शासनका अभियानकर्ता सुशिल बस्नेत भन्छन्- 'कतिपय कुरा स्थानीय तहमा समाधान हुने कुरालाई पनि निकाश नखोज्ने प्रबृत्ति छ । अव स्थानीय तहमा नै समाधान खोज्ने हाम्रो बानी बस्न सुरु भएको छ ।'

*–साभारः मीरेष्ट लेखमाला*


Load-shedding No Problem
Solar-hybrid inverts are now available with heavy discount
Upto 15KVA
With 24 months Warranty
Sales & services of:
Laptop, Desktop, Printer & Fax, EPABX & Fittings, Inverter & Online UPS, Exide Batteries, Securities & Door Locks, CCTV Camera & Fittings, Biometric Devices & Fittings, Networking & Accessories etc.
B N COMPUTERS INTERNATIONAL
P. O. Box: 10904, New Plaza,Kathmandu, Nepal.
Tel.: 977-1-4444531, 4444532, Fax: 4444532
Cell: 977-9851051003, 9808869062
E-mail: E-mail: crossweb@wlink.com.np,

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

सांस्कृतिक, धार्मिक र प्राकृतिक सम्पदाको रक्षा गरौं,
राष्ट्रिय स्वाभिमानको रक्षा गरौं ।
नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

# ओबीओआरमा नेपालको सहभागिता आर्थिक विकास र समृद्धिको सम्भावना



विष्णु भट्टराई

वानबेल्ट वान रोड (ओबिओआर) अथौत् एक क्षेत्र एक मार्ग, विकासको रणनीति र रुपरेखा तयार गर्ने उद्देश्यले चिनियाँ राष्ट्रपति सिजिन पिङले प्रस्ताव गरेको परियोजना हो । ओबिओआर विश्वका ३ महादेशका ६७ देशमा विस्तार हुने सडक र सञ्जालको योजना हो । यो महत्वाकांक्षी योजनाको हालको बजेट ८ खर्ब अमेरिकी डलर रहेको छ । हालसम्म विश्वका ४१ देशले ओबिओआर परियोजनामा सहभागी हुने समझदारी पत्रमा हस्ताक्षर गरिसकेका छन् । नेपालले पनि ओबिओआरमा सहभागी हुन समझदारी पत्रमा हालै हस्ताक्षर गरेको छ । फिलिपिन्सका राष्ट्रपति रोड्रिगो डुर्टेतेले ओबिओआर परियोजना दक्षिणपूर्वी राष्ट्रको संगठन आसियानलाई निकै लाभकारी हुने दाबी गरेका छन् । भारत भने यस परियोजनामा सहभागी भएको छैन । भारत ५० अर्ब डलरको चीन-पाकिस्तान आर्थिक करिडोर योजनामाथि आफ्नो सम्प्रभूताको चिन्तालाई लिएर ओबिओआरमा सामेल नभएको बताइएको छ । पाकिस्तान चीन आर्थिक करिडोर पाकिस्तान प्रशासित कस्मिर हुँदै सञ्चालन गरिँदैछ ।

ओबिओआरमा विश्वका सयभन्दा बढी राष्ट्र र अन्तर्राष्ट्रिय संगठनहरुले साझेदारी गर्न चासो व्यक्त गरेका छन् । यो परियोजना चीनको महत्वाकांक्षी योजना मात्र नभएर अन्य धेरै राष्ट्रका लागि उन्नति र विकासको आधार पनि हो । यस योजनाबाट लाभ लिन सक्ने मुलुकहरुले आआफ्नो चासो र स्वार्थ पूरा गर्न सक्ने छन् । तर यसका लागि बेलैमा आर्थिक विकास र भौतिक पूर्वाधार निर्माणको रणनीति बनाउन भने जरुरी छ । ओबिओआर परियोजनाबाट सतह र स्थलमार्गबाट सम्पर्क विस्तार र व्यापार प्रवर्द्धन गर्नु चीनको उद्देश्य रहेको छ । यस परियोजनाले समेट्ने देशहरुले आफ्नो अवस्थिति र क्षमताको आधारमा हुने आर्थिक विकास र भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा लाभ हासिल गर्न सक्ने छन् । नेपालले पनि चीनको एक क्षेत्र एक मार्ग परियोजनाबाट द्विपक्षीय व्यापार सुदृढ सम्पर्क विस्तार गर्न अवसर पाउनेछ । यो अवसरको अधिकतम उपयोग गर्न सक्यो भने नेपालले भारतमाथि मात्रै रहेको एकोहोरो व्यापार परनिर्भतालाई काम गर्न सक्छ ।

नेपालले चीनसँग क्षेत्रीय सहयोग प्रबर्द्धनका विषयमा छलफल गरी उसले विज्ञान र प्रविधिको क्षेत्रमा गरेको प्रगतिबाट लाभान्वित हुन सक्छ । यातायात र सञ्चारको क्षेत्रमा नेपालले चीनसँग प्रशस्त लाभ लिन सक्छ । सडक सञ्जालको निर्माण र विस्तार रेलसेवाको विकास, सूचना प्रविधिको विकास जस्ता क्षेत्रमा नेपालले चीनको आर्थिक र प्राविधिक सहयोग लिन सक्छ । यसका लागि नेपालले चीनलाई आर्थिक एवं प्राविधिक सहयोगका लागि राजी गराउन सक्नुपर्छ । साथै आफ्नो सरोकारका विषय प्रस्टसँग राख्न सक्नुपर्छ । ओबिओआरबाट नेपालले लाभ लिन सक्ने क्षेत्रहरुमा कृषि, उद्योग, ऊर्जा र पर्यटन देखिन्छ । नेपालले चीनसँग कृषि क्षेत्रमा आर्थिक लगानी, कृषि प्रविधिको विकासमा सहयोग, कृषि उत्पादनको बजारीकरण जस्ता विषयमा लाभ लिन सक्छ । उद्योगको क्षेत्रमा चीनको पुँजीलाई नेपालमा उद्योग कलकारखानाको स्थापना, विकास र सञ्चालनमा उपयोग गर्ने गरी विशेष आर्थिक क्षेत्रहरुको स्थापना र सञ्चालनमा उपयोग गर्न सक्छ । यसले रोजगारीको सिर्जना मात्र नगरी उत्पादन वृद्धि र आर्थिक प्रगतिका लागि सहयोग पुग्छ । नेपालले ऊर्जा उत्पादन र उपयोग एवं ऊर्जा व्यापारबाट लाभान्वित हुने अवसर पाउँछ । काठमाडौं, पर्यटकीय नगर पोखरा र शान्तिका अग्रदूत बुद्धको जन्मस्थल लुम्बिनीलाई चीनसँग जोड्ने हो भने नेपालको पर्यटन प्रबर्द्धनका लागि कोसेढुंगा सावित हुनेछ ।

चीन सरकारले अघि सारेको २१औं शताब्दीको संसारकै सबैभन्दा महत्वाकांक्षी र ठूलो आयोजना 'वान बेल्ट वान रोड' (ओबीओआर) को समझदारी पत्रमा नेपालले शुक्रबार हस्ताक्षर गरेपछि दुई देशबीचको सम्बन्ध र नेपालले लिनसक्ने फाइदाबारे चीनका अखबारमा यस विषयमा नेपाली र नेपाल मामिलाका चिनियाँ जानकारका प्रतिक्रिया छापिएका छन् ।

भूपरिवेष्ठित नेपाललाई सडक सञ्जालले जोड्न सकिएमा विश्वको ठूलो पर्यटन बजारका चिनियाँ पर्यटक नेपाल पुग्ने र यस आयोजनामार्फत नेपालमा पूर्वाधारको निर्माण गर्नसके चीन र अरू देशको पनि लगानी भित्रिने विश्लेषण गरिएको छ । ओबीओआर भनेको सडक जोड्ने मात्र होइन, तर सडक सहज हुँदा त्यसबाट बढ्ने जनस्तरको सम्बन्ध र आयात निर्यातको सहजताले प्राप्त गर्ने राष्ट्रिय फाइदा भोलिका दिनमा नेपालले सोचेभन्दा धेरै बढी हुने' समाचारहरु छापिएका छन् ।

चिनियाँ सरकारी समाचार समिति सिन्ह्वाले चीनको ओबीओआर आयोजनामा नेपाल सरकारले पनि हस्ताक्षर गरेर यसको महत्वको पुष्टि गर्नुको साथै दुई देशबीचको सम्बन्धमा महत्वपूर्ण आयाम थपेको जनाएको छ । यसमा नेपालको सहभागिताले नेपाललाई मात्र नभई सिंगो दक्षिण एसियालाई नै यसले फाइदा पुग्ने समाचारको आशय छ ।

त्यस्तै बेइजिङबाट प्रकाशित चिनियाँ सरकारी पत्रिका रेनमिनले आफ्नो शनिबारको संस्करणमा नेपालको परराष्ट्र मन्त्रालयमा शुक्रबार बिहान सो आयोजनामा हस्ताक्षर गरेको तस्बिर र सोसम्बन्धी समाचारलाई प्राथमिकताका साथ छापेको छ र भनेको छ, 'चीनको यो आयोजनामा नेपालले पनि प्रवेश गरेको छ र यससँगै अब चीन-नेपाल सम्बन्ध पनि नयाँ अध्यायमा प्रवेश गरेको छ । यसले नेपाललाई आगामी दिनमा आर्थिक विकासमा ठूलो सहयोग पुऱ्याउनेछ ।

त्यस्तै अर्को एक पत्रिकामा प्रतिक्रिया दिँदै चीनको समसामयिक अन्तराष्ट्रिय सम्बन्धबारेको एक चिनियाँ इन्स्टिच्युटका विज्ञ हु सियङले नेपालको यो पछिल्लो प्रयासले उसलाई मात्र फाइदा हुने नभई भारतको उत्तरी भूभाग पनि निकै राम्रोसँग लाभान्वित हुनेछ भनेका छन् । उनले नेपालले गरेको यो हस्ताक्षरसँगै अब उसले चीन र भारतलाई पनि एकसाथ जोड्ने योजनाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । यस परियोजनाको नेपाल सदस्य भएपछि अब चीन, नेपाल भारत आर्थिक 'करिडोर' निर्माणमा पनि थप सघाउ पुग्ने उनको धारणा छ ।

ओबीओआर प्राचीन चीनको रेसममार्ग (सिल्क रोड) को नयाँ रूप हो भन्दा हुन्छ । रेसम मार्ग त्यस समयको चीनले आफ्नो सभ्यता, संस्कृति र मौलिकतालाई पश्चिमा देशसम्म पुऱ्याउने र आफ्नो बन्द व्यापारलाई फैलाउने रणनीतिका साथ अघि सारेको निकास मार्ग हो ।उनीहरूले त्यस समयमै एसियादेखि युरोपसम्म आफ्नो उत्पादन पठाउन र आफ्नो जनशक्तिलाई व्यापारका लागि त्यसतर्फ जान सजिलो पार्नसमेत यो मार्गको अवधारणा ल्याएका हुन् ।

यसैको नयाँ रूप हो अहिलेको ओबीओआर । र, यसलाई अझै विकसित रूप दिन अहिलेको चीनले समुद्र मार्गका रूपमा पनि अघि सारेको छ । सडकले छुने सडक र त्यसले नछुने समुद्रले समेत गरी विश्वव्यापी रूपमा आफ्नो सञ्जाललाई विस्तार गर्न चीनले अघि सारेको यो पछिल्लो अवधारणालाई यस शताब्दीको सबैभन्दा ठूलो र महत्वाकांक्षी आयोजनाका रूपमा विश्वव्यापी रूपमा चर्चा थालिएको छ ।

लामो समयको व्यापक तयारी र नेपालको आफ्नो राष्ट्रिय स्वार्थ र आवश्यकताका आधारमा नेपालले हस्ताक्षर गरेको आयोजनाले प्रत्यक्ष रूपमा एसिया र युरोपका कम्तीमा ६४ देशलाई जोड्छ । तीमध्ये अधिकांश देश विकासशील छन् । यस मार्गले छुने वा प्रत्यक्ष जोड्ने देशका नागरिकको हिसाब गर्दा विश्वको ६४ प्रतिशत जनसंख्या यसले ओगट्छ । त्यसैगरी अरू आर्थिक सूचकांकको हिसाब गर्ने हो भने पनि यसले विश्वको कुल गार्हस्थ्य उत्पादनको करिब ३७ प्रतिशत हिस्सा समेट्छ । यो नयाँ अवधारणाको सुरुवात गर्ने श्रेय चिनियाँ राष्ट्रपति सि चिनफिङलाई जान्छ । उनले सन् २०१३ को अक्टोबरमा काजकिस्तानको भ्रमणका क्रममा दिएको भाषणमा यस अवधारणाको बिजारोपण गरेका थिए । उनले सो भाषणमा भनेका थिए,

'बी विल कनेक्ट एसिया एन्ड युरोप' अर्थात् हामीले एसिया र युरोपलाई जोड्नेछौं । उनको आशय यी दुई महादेशलाई भौतिक रूपमा सडकको सञ्जालबाटै जोडिनेछ भन्ने नै हो । त्यसको केही समयपछि नै उनले यो अवधारणाको नामकरण गरे । त्यसैगरी उनले सोही वर्षको सेप्टेम्बर महिनामा गरेको इन्डोनेसिया भ्रमणका समयमा अर्को अवधारणाको रहस्योद्घाटन गरे, एक्काइसौं शताब्दीको रेशम मार्ग भनेर ।

त्यसलाई सामुद्रिक मार्गको नाम दिइएको छ । चीनको फुझोउबाट सुरु भएको यसले पनि एसिया र अफ्रिकालाई पनि जोड्छ । विश्वका कैयौं सामुद्रिक देशका तटीय देश र सहरलाई यसले समेट्छ । यसरी यी दुवै अवधारणालाई सोही वर्षको नोभेम्बरमा बसेको चिनियाँ कम्युनिस्ट पार्टीको १८औं केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकले पारित गरेको हो । यी दुई अवधारणालाई चीनको खुला नीति, व्यापारिक विस्तार र केही हदसम्म सुधारका कार्यक्रमका रूपमा चीनमा लिइएको छ ।

यस आयोजनामा बहुआयामिक प्रकृतिका सञ्जाल रहन्छन् । जस्तो कि रेलमार्ग, सडकमार्ग, सामुद्रिक मार्ग, हवाईमार्ग, पाइपलाइन, ऊर्जाको ग्रिड, ट्रान्समिसन लाइन, इन्टरनेट र अन्य । यसरी यी अधिकांश प्रविधि र मापदण्डले मात्र पनि नेपाललाई जोडिदियो भने नेपाललाई फाइदै फाइदा छ । तर, त्यसबाट कसरी लाभ लिने त भन्नेबारे भने यसअघि प्राध्यापक झाले भनेजस्तै नेपालले विभिन्न तहमा व्यापक मात्रामा गृहकार्य गर्नु आवश्यक छ ।

हुन त यो आयोजनालाई सडक मार्गले जोड्ने भनेर मात्र सोच्नु गल्ती हुनेछ, तापनि नेपाललाई सबैभन्दा पहिला आवश्यक भनेको बाटो नै हो । चीनसँगको हाम्रो सम्बन्ध धेरै पुरानो भए पनि भौगोलिक जटिलता बढी छ । यसले गर्दा हामीलाई आयात निर्यातमै समस्या छ र यसका कारण हाम्रो निर्भरता दक्षिणतर्फ बढी छ । त्यसैले भरपर्दो बाटोले मात्र जोड्न सकिएमा पनि नेपालमा चिनियाँ लगानी र चिनियाँ पर्यटक आगमनमा वृद्धि हुनेछ । नेपालमा ठूलो वैदेशिक लगानीको खाँचो छ र त्यो खोज्न हामीले चीनको पर्खाल नाघेर जानु पनि पर्दैन । अब त्यसको सुनिश्चितता यसै आयोजनामार्फत हुने अपेक्षा गर्न सकिन्छ ।

अर्को कुरा भूपरिवेष्ठित नेपालले समुद्रसम्मको पहुँच कसरी पाउला भन्ने पनि नेपालको चिन्ता र उत्सुकता हो । नेपाल जोडिन चीनसँगका कैयौं नाका छन् । तीमध्येका सजिला र बाह्रैमास निर्बाध रूपमा सञ्चालनमा आउनसक्ने नाकालाई नेपाल चीन जोड्ने सेतुका रूपमा सञ्चालनमा ल्याउन सकिएमा यसले चीन हुँदै हाम्रो पहुँच समुद्रसम्म पुग्नेछ । यसले हाम्रो सधैंको भूपरिवेष्ठित अवस्थाबाट केही मात्र भए पनि सहुलियत पाउन सजिलो पर्नेछ ।

नेपाल दुई ठूला देशबीच हुनु भनेको अवसर पनि छ । अवसर यो मानेमा छ कि हामीले उत्पादन गर्न सकेका वस्तुको बजार छिमेकमै उपलब्ध छ । त्यसैले यो सञ्जालले हामीलाई सहज बनाउनेछ । अर्को कुरा हामी वर्षमा केही करोड पर्यटक खोज्न छिमेकबाट टाढा जानु पनि पर्दैन, चीन र भारतमै उपलब्ध छन् । यी सबै प्रक्रिया र जटिलताको सहजीकरणका लागि सडक सञ्जाल एक भरपर्दो उपाय हो । यो आयोजनामा चीनको चासो अधिक छ । चिनियाँले गएका तीन चार वर्षयता ठूलो आर्थिक विकास गरेका छन् । सन् २०१२ मा चीन विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएपछि उसले वैदेशिक लगानीको मात्रामा पनि

*एजेन्सीहरुबाट*






## रोचक संसार

### बच्चाको कलेजोमा की



सुन्दै आङ सिङ्गि हुने घटना ! १८ महिनाको बच्चाको कलेजोमा ६ इन्च लामो जुका । यो घटना भातको हो । भातको नयाँदिल्लीस्थित एक अस्पतालमा शल्यक्रियाका क्रममा डाक्टहरुले बच्चाको कलेजोबाट ६ इञ्चको गोलो जुका निकालेका छन् ।

गोलो जुका एक पजिवी हो दुषित पानी तथा खानाको माध्यमबाट यो जुकाको फुल मानिसको शीभित्र प्रवेश गर्दछ । यो जुका प्रायः मानिसको आन्द्रामा पाइन्छ । त, उक्त बच्चाको यो जुका आन्द्राबाट पित्तनली हुँदै कलेजोसम्म पुगेको चिकित्सकहरुले बताएका छन् । झण्डै २० मिनेटमा इन्डोस्कोपी मेसिनको सहायताले उक्त अपेशन गएिको थियो । यसी कलेजोमा यति ठूलो जुका भेटिएको विश्वमै दोस्रो घटना भएको डाक्टहरुको भनाइ छ । यसअघि ब्राजिलमा यस्तो घटना भएको थियो ।


### रुख चढ्ने कला

रुख चढ्नु सजिलो काम होइन । अझ सुरिलो रुखमा चढ्न त सकसै पर्छ । त, एक युवकले उल्टो बने अर्थात् उँधोमुन्टो लगाएै रुख चढे आफ्नो क्षमता देखाएका छन् ।

भातको हयिाणाका एक युवक उल्टो जिउ बनाए रुख चढ्न सक्छन् । ३२ वर्षका मुकेश कुमा नामका युवकमा यस्तो अनौठो क्षमता हेको छ । उनमा सानैदेखि रुख चढ्ने सौख थियो, अझ उल्टो बने रुख चढ्ने । अहिले उनी सजिलैसँग उल्टो बने रुख चढ्न सक्छन् । उनले १३ वर्षको उमेदेखि उल्टो बने रुख चढ्न थालेका हेछन् ।

पेसाले निर्माण मजदु हेका मुकेश सुरुमा उल्टो रुपमा चढ्दा २/३ फुट मात्र चढ्न सक्थे । त, उनले हा नमानी निन्त प्रयास गहि । यसो गर्दा कैयौं पटक लडे उनलाई चोट पनि लाग्यो । अहिले उनी ५० फुट अग्लो रुख ५ मिनेटमै उल्टो बने चढिसक्छन् । उनी उल्टो रुपमा रुख चढे गिनिज बुकमा नाम लेखाउन चाहन्छन् ।

### सूर्तीले उडाइँदैछ जहाज



जहाज हवाई इन्धनबाट उड्छ । सौर्य ऊर्जाबाट चल्ने जहाजको बोमा पनि गत वर्ष खुबै चर्चा भयो । त, अहिले चाहिँ सूर्तीबाट उड्ने जहाजको चर्चा छ । हो, विश्वमा पहिलो पटक सूर्तीबाट जहाज उडाइँदै छ । वास्तवमा सूर्तीको काँचो पातबाट तया पानि बायोडिजेलको सहायताले हवाई जहाजको व्यावसायिक उडान भर्दै छ ।

यो मामिलामा सबैभन्दा अगाडि छ दक्षिण अफ्रिकी एयवेज । सो एयवेजले गत वर्ष जुलाईमा पीक्षण उडानको रुपमा तीन सय यात्रु बोकेको एक जेट विमानलाई जोहानेसबर्गबाट केपटाउनसम्म १२८० किलोमिट उडाएको थियो । उक्त विमानमा तीन सय यात्रु थिए भने विमानमा सूर्तीको बायोडिजेल प्रयोग गएिको थियो । त्यहाँ सूर्तीको सोलसि प्रजातिको विरुवाबाट बायोडिजेल उत्पादन गर्ने गएिको छ । यो प्रजातिमा निकोटिनको मात्रा निकै कम हुन्छ । साउथ अफ्रिकन एयलाइन्सले यहीँ वर्षबाट टोब्याको बायोफ्यूलको प्रयोग गर्न सुरु गर्नेवाला छ । सुरुवातमा चाहिँ हवाई इन्धनमै बायोडिजेलको केही हिस्सा मिलाए प्रयोग गनिेछ । विस्तौ हवाई इन्धनको मात्रा कम गी बायोडिजेलको मात्रा बढाइनेछ ।

### बसाइँ सर्दा पुरस्कार

दुनियामा जग्गाको भाउ छोइनसक्नु बनिहेको छ । सानो टुक्रा जग्गाको लागि पनि ठूलो मूल्य चुकाउनुपर्ने अवस्था हेको छ । त यस्तो बेलामा इटालीको बोमिडा गाउँको कथा चाहीँ सबैलाई लोभ्याउने खालको छ ।



उक्त गाउँका मेय डानियल ग्याल्लियानोले मानिसहरुलाई उक्त गाउँमा बसोबास गर्नेहरुका लागि विशेष योजना अघि सोका छन् । यद्यपि उनको यो योजना नग पषिदले पाति गर्न चाहीँ बाकी छ । मेय डानियलले आफ्नो फेसबुकमा समेत शेय गेको उक्त प्रस्तावित योजना अनुसा उक्त गाउँमा बसोबास गर्ने हेक व्यक्तिलाई एकमुष्ट करीब २ लाख ३० हजा रुपैयाँ बाबको कम दिइनेछ । अनि घभाडा बापत चाहीँ महिनाको झण्डै साढे ५ हजा रुपैयाँ तिर्नुपर्नेछ ।

### बोल्ने यौन खेलौना



हार्मोनी एक नयाँ प्रकारको सेक्स डल हो जो हिँड्न मात्र होइन बोलचाल पनि गर्न सक्दछ । उक्त सेक्स डलको टाउको, परेला तथा ओँठ पुर्णरुपमा तयार त भैसकेको छैन र उसले गर्न सक्ने कुराकानी पनि सिमित मात्रामा छ, तथापि यो सेक्स डल रोबोटिक्सको क्षेत्रमा नयाँ क्रान्ति मानिएको छ । यो देख्दा पूर्ण मानव स्वरुप रहेको छ ।

यो सेक्स रोबोट बनाउने म्याट म्याकमुलेन कला तथा मूर्तिक्षेत्र सँग सम्बन्धित छन् । उनी भन्छन्ः कतिपय मानिसहरुले यो रियल डललाई यसकारण खरीद गर्नेछन् किनकी यो अन्य सेक्स डलभन्दा यौनक्रिडामा बढि सक्षम छ ।

यो डलले आफ्ना ग्राहकबाट सिक्दछ पनि । इर्ष्या गर्दा कस्तो महसुस हुन्छ भनेर उसलाई सोध्दा उसले माफी मागेर आफुले आफ्नो बुझाइमा सुधार गर्नु आवश्यक रहेको बतायो ।

यो सेक्स डल यस वर्षको अन्त्यसम्ममा बजारमा उपलब्ध हुने बताइएको छ । यसका दुईवटा सस्करण हुनेछन् । एउटा चाहीँ अनुहार समेत चिन्नसक्ने हुनेछ जसको मूल्य १० हजार डलर पर्नेछ । अर्को चाहीँ अलिक सस्तो भर्सनको रहनेछ ५ हजार डलरको । त्यसले ग्राहकको अनुहार चिन्न सक्नेछैन ।

उपभोक्ताले सेक्स डलमा विभिन्न व्यक्तित्व चुन्न गर्न सक्नेछन् । जस्तै मूडी, रिसाहा, मायालु आदि । जब सेक्स डलमा इर्ष्याको विकल्प चुनिया तब उसले भन्यो : त्यो केटीलाई फेसबुकबाट हटाउ ।

### महिलाले उठेरै पिसाब गर्ने

महिलाहरुका लागि सार्वजनिक शौचालयको प्रयोग साँच्चीकै कष्टकर हुन्छ । सार्वजनिक शौचालय फोहोर हुने हुनाले बसेर पिसाब फेर्नुपर्ने महिलाका लागि संक्रमण तथा जिउमा फोहोर लाग्ने जोखिम हुन्छ । त्यसैले धेरै महिलाहरु सार्वजिनक शौचालयमा पिसाब नगरी पिसाब रोकेरै बस्न जाती मान्छन् । महिलाहरुको यो समस्यालाई ध्यानमा राख्दै अष्ट्रेलियाको ग्रिन पार्टीले महिलाहरुलाई उठेर पिसाब फेर्ने तालीम दिँदैछ ।

समाचार अनुसार एउटा विशेष खालको सामानको सहयोगले महिलाहरुले उठेरै पिसाब फेर्न सक्दछन् । सोही विशेष किट कसरी



प्रयोग गर्ने भन्ने तालीम ग्रिन पार्टीले दिइरहेको छ । यो सामान नली आकारको हुन्छ । जसलाई महिलाहरुले आफ्नो मुत्रांगमा राखेर पिसाब फेर्न सक्दछन् । यसरी फेरेको पिसाब उक्त नली हुँदै ट्वाइलेट सम्म पुग्दछ । प्रयोग गरिसकेपछि यो नलीलाई फ्याँक्न सकिन्छ । यो नलीको प्रयोगपछि महिलाहरुलाई फोहोर शौचालयमा पिसाब गर्नका लागि समेत बस्नुपर्ने बाध्यता हुनेछैन ।विज्ञहरुका अनुसार लामो समयसम्म पिसाब रोक्नुपर्ने बाध्यताका कारण विश्वका करोडौं महिलाहरु मूत्रनलीको संक्रमणबाट ग्रसित हुने गर्दछन् ।

*एजेन्सीहरुबाट*

प्रेरक

## नेहरू र मितव्ययिता



जनगणतन्त्र भारतका प्रथम प्रधानमन्त्री पं.जवाहरलाल नेहरू काम विशेषले केही दिनका लागि राजधानी नयाँदिल्ली बाहिर गएका थिए । उनी फर्किने दिन आयो । उनको स्वागतका लागि विशिष्ट ओहोदाका कर्मचारीहरू लगायत कांग्रेस कार्यकर्ताहरू पालम विमानस्थलमा भेला भए । नेहरू चढेको जहाज एकै क्षणमा विमानस्थलमा अवतरण भयो । नेहरूको भव्य स्वागत गरियो । स्वागतपछि नेहरू प्रधानमन्त्री निवास जान लागे । एक उच्च सरकारी अधिकारीले नेहरूको अगुवाई गर्दै उनलाई एक हेलिकप्टरको छेउमा पुऱ्याएर भने– 'प्रधानमन्त्रीज्यू हेलिकप्टरमा बस्नोस् ।'

नेहरू छक्क परे । उनले सोधे यो हेलिकप्टर किन ? ती अधिकारीले खुलाए– प्रधानमन्त्रीको सुरक्षालाई ध्यानमा राखेर सवारीका लागि हेलिकप्टर ल्याइएको हो । नेहरूले ती अधिकारीलाई झपारे– मेरो सुरक्षाका लागि राष्ट्रको ढुकुटीबाट यति धेरै खर्च किन ? जनताले दुईछाक रोटी खान पाएका छैनन् । म जनताको मान्छे हुँ । जनताबाट मलाई केको खतरा ? यति भन्दै नेहरू विमानस्थलबाट बाहिरिए, उनी एउटा भाडाको ट्याक्सीमा चढे र प्रधानमन्त्री निवासतर्फ लागे । पालम विमानस्थल र प्रधानमन्त्री निवासको दूरी २० माइल मात्र थियो ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

महत्वपूर्ण वस्तु हातलागी हुनाले मन प्रसन्न रहनेछ । प्रतीक्षित काम सम्पादन हुनेछ । आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सफल भइनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । साथीभाइले फाइदा दिलाउनेछन् । सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैत्रिक सम्पत्ति प्रयोग गर्दा लाभ हुनेछ । व्यापारमा पनि राम्रै फाइदा हुनेछ । कीर्तिमानी काम गर्ने समय छ ।

### बृष

स्वास्थ्य कमजोर रहनाले चिताएको काम गर्न नसकिएला । जिम्मेवारी भने बढिरहनेछन् । सहयोगको आशा देखाउनेहरूबाटै धोका पाइएला । व्यावसायिक काममा पनि खर्च बढ्नेछ । बाध्यताले अनावश्यक अलमल बढाउन सक्छ । अरूका काममा श्रम तथा बुद्धि खर्चनुपर्ला । आफ्ना काम स्थगित हुनाले मन खिन्न हुनेछ । तापनि, सेवामूलक कामले आशा जगाउनेछ ।

### मिथुन

स्वास्थ्य कमजोर रहनाले योजना स्थगित हुन सक्छ । तापनि शुभचिन्तकहरूले सहयोगको तत्परता देखाउनेछन् । घरेलु समस्यामा अल्झनुपर्ला । अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्न सक्छन् । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । आस मारेको फल पुनः प्राप्त हुन सक्छ । अध्ययनमा समय दिन नसकिएला । केही चुनौतीसमेत सामना गर्नुपर्ला ।

### कर्कट

वादविवादले पुरानो सम्झौता भंग हुने सम्भावना छ । स्वास्थ्यमा केही समस्या आउन सक्छ । बुद्धिको उपयोगले काम सम्पादन हुनेछ । मिहिनेतले आम्दानी बढाउन सकिनेछ । आतिथ्यपूर्ण सम्मान प्राप्त हुन सक्छ । प्रेमको बन्धन कसिएला । दाम्पत्य जीवन सुखद बन्नेछ । रमाइलो यात्राको अवसर प्राप्त भए पनि सवारी साधन उपयोग गर्दा सावधानी अपनाउनुहोला ।

### सिंह

प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्ति हुनेछ । भौतिक साधन जुट्नेछन् भने दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ । शत्रुहरू किनारा लाग्नेछन् र प्रतिस्पर्धामा विजयी भइनेछ । रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापारलगायत आर्थिक लाभ हुने काममा फाइदा हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौडसमेत जिताउन सक्छ ।

### कन्या

अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपरे पनि बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ । तर, अप्रिय समाचारले मन खिन्न हुनेछ । खानपानको असावधानीले स्वास्थ्य कमजोर बन्ला । अध्ययनमा समय दिन नसकिएला । व्यावसायिक काममा पनि त्यत्ति फाइदा नहोला । काममा अवरोध आउन सक्छ । गुरूजनको सल्लाह र सन्तानको सहयोगले फाइदा होला ।

### तुला

ढिलासुस्तीले काम बिग्रनुका साथै हातमा आएको मौका गुम्न सक्छ । ईर्ष्यालु मन भएकाहरूले सताउन सक्छन् । साथीभाइसँग असमझदारी बढ्ला । पहिलेका कामबाट सोचेको नतिजा प्राप्त नहोला । स्थायी सम्पत्तिमा विवाद आउन सक्छ । परिवारजन तथा आफन्तबीच आत्मीयतामा कमी आउला । तापनि, मिहिनेतसाथ रचनात्मक कार्यमा जुट्दा फाइदा हुनेछ ।

### बृश्चिक

विभिन्न उपहार प्राप्त हुने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेनेछ । प्रतिद्वन्द्वीहरूलाई सजिलै हराउन सकिनेछ । गरिएका कर्मको उचित प्रतिफल पाइनेछ । कृषिमा कामको चाप बढ्न सक्छ । चौपायामा केही समस्या देखिए पनि धन आर्जनमा कमी नहोला ।

### धनु

लगनशील बन्न नसक्ता अरूले आलोचना गर्न सक्छन् । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । बोलीको गलत अर्थ लाग्नाले विवादमा परिने सम्भावना छ । सहयोगीहरू टाढिन सक्छन् । अर्थ अभावले काम रोकिने सम्भावना छ । विगतको श्रमबाट सामान्य लाभ हुनेछ । तर, आक्षेप लगाउनेहरूले दुस्ख देलान् । मानसम्मानमा आघात पुग्न सक्छ । फाइदा कममात्र हुनेछ ।

### मकर

जिम्मेवारी प्राप्त भए पनि तत्काल फाइदा उठाउन नसकिएला । अवसरका लागि जोखिमपूर्ण काममा जुट्नुपर्ला । आगन्तुकले विशेष समयमा अलमल्याउन सक्छन् । आफन्तसँग बिनाकारण मनमोटाव हुन सक्छ । पहिलेको योजना अनिश्चित बन्नेछ भने नयाँ काममा अन्योल बढ्न सक्छ । आफ्नो सूचना बाहिरिने सम्भावना भएकाले गोपनीयतामा ध्यान पुर्याउनुहोला ।

### कुम्भ

शुभचिन्तकहरूको सुझावलाई बेवास्ता गर्दा दुःख पाइनेछ । समयमा होश नपुग्नाले खर्च मात्र हुनेछ । प्रलोभन देखाउनेहरूले फसाउन सक्छन् । लगानीको तुलनामा कममात्र फाइदा हुने समय छ । ठूलो प्रयत्न गर्दा पनि उपलब्धि उठाउन मुस्किल पर्नेछ । परिवारजनबाट टाढिनुपर्ला । आफ्नै कमजोरीले विवादमा परिनेछ भने सद्विचारले अभिप्रेरित हुनेहरूलाई फाइदा हुनेछ ।

### मीन

पछिसम्म लाभ हुने काम प्रारम्भ होला । दिगो फाइदाका लागि लगानी बढाउने समय छ । विभिन्न भौतिक साधन प्राप्त हुनाले मन प्रसन्न रहनेछ । गरिएका कामको राम्रै मूल्यांकन हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन् भने व्यापारमा मनग्य लाभ उठाउन सकिनेछ । आम्दानी बढ्नुका साथै परिवारजनका आवश्यकता पूरा गर्न सकिनेछ । साझेदारीमा पनि राम्रै लाभ हुनेछ ।

## नीतालाई क्रेज बचाउन हम्मे

आफू अभिनित फिल्महरु एकपछि अर्को असफल सावित हुँदा अहिले नायिका नीता ढुंगानालाई आफ्नो क्रेज बचाउन नै हम्मे हम्मे परिरहेको छ । गएको बर्ष 'लेकसाइड', 'निर्भय' फिल्म रिलिज भए पनि नीतालाई यी कुनै पनि फिल्मले खुसीको मुस्कान छर्न सकेन । आफ्नो लिड रोल रहेका फिल्महरु लगातार फ्ल्प हुँदा पनि नीता भने अहिलेसम्म खासै फुर्सद बस्नु परेको देखिन्न । म्युजिक भिडियोसँगै फिल्ममा पनि व्यस्त नायिका ढुंगाना अहिले नायक आर्यन अधिकारीसँग फिल्म 'करोडपति' को छायांकनमा व्यस्त छिन् । यो फिल्ममा बलीउड अभिनेता राजपाल यादवको पनि मुख्य भूमिका रहेको छ ।

हालैमा नीताले आफ्नो आधिकारीक फेसबुकमा एक तश्वीर अपलोड गरेकी छिन्, जसले उनका फ्यानहरु अचम्ममा परेका छन् । हुनत, नीताले दैनिक जसो नै फेसबुकमा आफ्नो तश्वीरहरु अपलोड गर्ने गर्छिन् तर हिजो मंगलवार साँझ एक यस्तो तश्वीर शेयर गरेकी छिन्, जसले उनका फ्यानहरु नै सप्राइज भएका छन् । कारण, उक्त तश्वीरमा नीताको सिउँदोमा सिन्दुर प्रष्ट देखिएको छ । नायक आमेश भण्डारीससँग ब्रेकअप भएपछि अहिले एक्लो जीवनको रथ अगाडि बढाइरहेकी नीताको सिउँदोमा सिन्दुर देखिनुले उनका प्रशंसकहरु अचम्ममा नपर्ने त कुरै भएन । नीताले उक्त तश्वीर फेसबुकमा शेयर गरेपछि उनका प्रशंसकहरुले कमेन्ट बक्समा एउटै प्रश्न गरेका छन् कि 'तपाईको विवाह कहिले भयो ?'

## आमाको माया खोज्दै किशोर

गायक किशोर सिवाकोटीले 'आमा तिमी कहाँ छौ' बोलको गीतको भिडियो बजारमा ल्याएका छन् । आफ्नी आमाको संझनामा उनले गीत आफै लेखेका पनि हुन् । गीतमा उनकै संगीत समावेश छ ।

यो गीत गायकले केही अगाडि बजारमा ल्याएको 'ट्रिब्यूट' एल्बममा समावेश छ । गीतको भिडियोलाई किरण चाम्लिङ्गले निर्देशन गरेका हुन् । भिडियोमा सरिता गिरी, सागर थापा र आरोग्य गिरीको अभिनय छ ।

गायक सिवाकोटीले यस अगाडिका गीत जस्तै यसले पनि श्रोता र दर्शकको मन छुने विश्वास व्यक्त गरेका छन् । नविनबाबु गुरुङले खिचेको भिडियोलाई प्रविण श्रेष्ठले खिचेका हुन् ।

## रंगकर्मी बिक्रम रहेनन्

निर्वाचनकै दिन रंगकर्मी विक्रम परियारको हत्या भएको खबर आयो । भोट हाल्न गृहजिल्ला तनहुँ पुगेका उनको अज्ञात समूहद्वारा खुकुरी प्रहार गरी हत्या गरेको थियो । रंगकर्मी अनुप बरालले स्टाटस लेखे, 'आई लस्ट माई वर्ड (मैले मेरो शब्द गुमाए)' । लामोसमय एक्टर्स स्टुडियोसँग आबद्धरहेका रंगकर्मी परियारको शब देखेपछि मंगलबार राजधानीमा साहित्यकार, रंगकर्मीदेखी संगीतकारसम्म भावुक बने । उनको शब मंगलबार नै दमौलीबाट काठमाण्डौं ल्याइएको थियो । नेपाल प्रज्ञा प्रतिष्ठानमा अन्तिम श्रद्धान्जली दिन साहित्यकार सरुभक्त, रंगकर्मी बराल, संगीतकार संघका लक्ष्मण शेष, अभिनेत्री गौरी मल्ललगायतका कलाकार तथा शुभेच्छुकहरु पुगे । कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, वनमन्त्री शंकर भण्डारी, सांसद मिन विश्वकर्मालगायतका पनि श्रद्धान्जलीका लागी पुगे । काठमाण्डौं ल्याउनुअघि उनको शव अन्तिम श्रद्धान्जलीको लागी दमौलीस्थित काङ्ग्रेसको केन्द्रीय कार्यलयमा राखिएको थियो । उनी कांग्रेस समर्थक थिए । उनलाई श्रद्धान्जली दिन दमौलीमा बिहान स्थानीयहरुको भिड लागेको थियो ।

अभिनेता आर्यन सिग्देल सुस्ताएको धेरै भयो । एकताका उनको डिमान्ड निकै थियो, अधिकांश निर्माता, निर्देशक आर्यनलाई नै लिन खोज्थे । तर, आर्यन भने स्क्रिप्ट हेर्छु मात्र भन्दैनथे, क्यामराम्यान को हुन्छदेखि हिरोइनसम्मको चासो दिन्थे । उनले स्क्रिप्ट हेरेर अभिनय गरेका सबै नै फिल्मबाट निर्माता डुबेका छन् । उदाहरण दिनुपर्दा, आई एम सरी, मेरो लभ स्टोरी, के यो माया हो, मधुमास, नाइके, अलबिदा, आवेग आदि ।

'कसले चोयो मेरो मन'मा रेखाले आफूलाई मात्र हाइलाइट गरेको, आफ्नो सिंगल पोस्टर छपाएर फिल्म हिट गराएको देखि लिएर रेखासँग फिल्म खेल्दा अनेक तिकडम गरेर उनले आफूलाई छायामा पार्ने भएकोले पनि आर्यनले रेखालाई निको मान्दैनथे । रेखा पनि के कम ? आफैँले हिरोको रुपमा डेब्यु(किस्मत) गराएको केटोले आफैँलाई टेर्न छोडेपछि उनमा इगो पलाउनु स्वाभाविकै मान्न कर लाग्छ । तर, समयले कोल्टे फेयो । आर्यनको फिल्म धमाधम फ्लप भए ।

रेखाका पनि 'तस्थास्तु', 'जाऔं हिँड पोखरा', 'रामप्यारी'देखि 'पलाँस'सम्मले व्यावसायिक सुखद अनुभूति गराएनन् । त्यसपछि अन्ततः आफूहरु मिल्नुको विकल्प उनीहरुले देखेनन् क्यारे । आर्यन पनि मौकाको प्रतीक्षामा थिए ।

*(अनलाइनहरुबाट)*

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Truncate = छिमल्नु There are trees or plants which should be truncated every year (यस्ता रुख वा बिरुवा हुन्छन जसलाई हरेक वर्ष छिमल्नु पर्दछ )

Unruly = अनियन्त्रित To control the unruly mob, police used tear gas (अनियन्त्रित भीडलाई नियन्त्रणमा ल्याउन प्रहरीले अश्रुग्यास प्रयोग गऱ्यो )

Vitreous = सिसासँग सम्बन्धित Some plastics have vitreous quality (केही प्लास्टिकहरू सिसाकै गुणस्तरका हुन्छन्)

Worldy = सांसारिक Every one has to leave once worldy goods behind (हरेकले एकपटक सांसारिक वस्तु त्यागेर हिंडनै पर्दछ)

Appropriate = विनियोजन गर्नु, प्राप्त गर्नु A large sum has been appropriated for the purchase of ammunition (हातहतियार किन्नको लागि भनेर ठूलो रकम विनियोजन गरिएको छ)

Brittle = कडा तर सजिलै फुटने These glasses are brittle, handle them with care (यी ग्लासहरू सजिलै फुट्ने हुँदा होस पुऱ्याएर यसको प्रयोग गर)

Converge = जम्मा हुनु, भेला हुनु Leaders from all over the world converged on South Africa to take part in Earth Summit (विश्वका नेताहरू पृथ्वी सम्मेलनमा भाग लिनका लागि दक्षिण अफ्रिकामा भेला भए)

Disparage = कम मूल्यांकन गर्नु (belittle) He always wants to disparage the talents of his son (ऊ आफ्नो छोराको जेहेन्दारीलाई सधैं कम मूल्यांकन गर्ने गर्दछ)

Exuberant = मनमोहक, अति आनन्दपूर्ण, अति रमाइलो The meeting was not boring because the master of ceremony was quite exuberant (समारोह संचालक ज्यादै रमाइलो भएको हुँदा बैठक कहिले सकिएला भन्ने जस्तो अनुभव भएन)

Frolicsome = ठट्टा गर्ने, रमाइलो पाराको, हसिलो The frolicsome puppy tried to lick the face of the master (हँसिलो कुकुरको छाउरो उसको मालिकको मुख चाट्न खोज्दछ)

## सामान्य ज्ञान प्रश्नोत्तरहरू

कुनचाहिँ चराले घाँस सिएर आफ्नो गुँड बनाउँछ ? • तोपचरा

जनावरहरूमा कसले घर बनाउँदैन ? • बाँदर

बेलायतको लण्डनमा सरकारी कार्यालयहरू भएको ठाउँलाई के भनिन्छ ? • ह्वाइट हल

टिटनस रोग कुन जीवको जहरबाट उत्पन्न हुन्छ ? • ब्याक्टेरिया

तीन सय वर्ष पुरानो बर्फलाई के भनिन्छ ? • ब्लु आइस

समुद्रको गहिराई नाप्ने यन्त्रलाई के भनिन्छ ? • फेदो मिटर

ग्यासको चाप नाप्ने यन्त्रलाई के भनिन्छ ? • मैना मिटर

फोक्सोको आवाज सुन्ने यन्त्रलाई के भनिन्छ ? • स्टेथेस्कोप

ध्वनिको गति प्रतिघन्टा कति मील हुन्छ ? • ७६० मिल

दूध कुन जीवको उत्पन्न हुनाले फाट्छ ? • ब्याक्टेरिया

फलामको तौल कहाँ बढी हुन्छ ? • पारामा

ग्रिष्म ऋतुमा कुन रंगको कपडा लगाइन्छ ? • सेतो

डोल ड्रम्सको उपयोग कुन विषयमा हुन्छ ? • भूगोल

अक्सिजन आविष्कार गर्ने व्यक्तिको नाम के हो ? • पृष्टले

कोइराला जलाएपछि कुन ग्यास निस्कन्छ ? • कार्बन डाइअक्साइड

चरा बस्ने उद्यानलाई के भनिन्छ ? • सेन्चुअरी

द ग्रेटेस्ट उपनामले प्रख्यात हुने बक्सर को हुन् र कुन देशका हुन् ? • मोहम्मद अली, अमेरिका

बुद्ध जन्मेको कति दिनपछि उनको आमाको निधन भयो ? • सात दिन

पृथ्वीको कक्षमा घुम्ने प्रथम व्यक्ति को हुन् ? • अलेक्सी लियोनोभ

## फरक थाहा पाई राख्नुहोस्

Amaze = चकित पारिदिनु I thought he is dead but his reappearance amazed me मैले त उ मरिसक्यो भन्ठानेको थिए उस्लाई फेरी ज्यूँदै देख्दा त म चकित परेँ ।

Astonish = (turn to stone) ढुंगाजस्तै बोल्न चल्नसमेत नसक्ने गरी अचम्भित हुनु The news of my getting a job astonished everyone मैले काम पाएको भन्ने खवरले सबैलाई अचम्भित तुल्याइदियो । भनाइको मतलव मैले काम पाउला भनेर कसैले पनि पत्याउँदैनथे ।

Surprise= नसोचेको कुरा हुनु His being failure in the examination surprised not only his family but everyone who knew him परीक्षामा ऊ असफल होला भनेर उसको परिवारले मात्र नभै उसलाई चिन्ने कसैले पनि सोचेको थिएन ।

Ambiguous = एकभन्दा धेरै संम्भावित अर्थ लाग्ने Her ambiguous smile confuses everyone उनको मुस्कानले सबैलाई भ्रमित तुल्याइदिन्छ कसैले पनि त्यसको अर्थ यही नै होला भनेर किटेर सक्तैनन ।

Equivocal = विवादपूर्ण । दोहोरो अर्थ लाग्ने Nobody understands his speech and writings because they are always equivocal दोहोरो अर्थलाग्ने हुँदा उसको भाषण र लेखहरू कसैले पनि बुझ्दैन ।

Amend = संसोधन गर्नु Without two third majority the constitution can not be amended दुईतिहाइ बहुमतविना संविधान संसोधन हुन सक्तैन ।

Emend= शुद्धशुद्धी गर्नु । प्रुफ हेर्नु Before sending this article for final printing you have to emend it यो लेखलाई अन्तिम छपाइको लागि पठाउनु अगावै तिमीले शुद्धाशुद्धि हेर्नुपर्दछ ।

Amiable = असल व्यवहार भएको He has got an amiable character उसको चरित्र असल र व्यवहारिक छ

Amicable = मैत्रीपूर्ण Between the hostile parties an amicable settlement was reached finally because of his mediation उसको मध्यस्थताले गर्दा दुई शत्रुपक्षको बीच मैत्रीपूर्ण सम्झौता कायम हुनगयो ।

Amoral= पशुमा लागू हुने अनैतिकता The animals are amoral because in their world they do not know what morality is पशुहरू अनैतिक हुन्छन किनकि तिनीहरूको जगतमा नैतिकता के हो भन्ने तिनीहरूलाई थाहा हुदैन ।

Immoral = मान्छेमा लागू हुने अनैतिकता । नैतिकताको सीमा नाधी काम गर्ने मान्छे Raping or stealing are immoral deeds बलात्कार अथवा चोरी अनैतिक कार्यहरू हुन् ।

## सुडोकु–अंक ५३

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | १ | | | | | |
| | | १ | ७ | | | | | ५ |
| ३ | ८ | | | | ९ | | २ | |
| | | २ | | | ६ | ८ | | |
| ८ | | | | ४ | | | ३ | |
| | | | | | | | ६ | |
| ९ | | | | २ | | | ५ | |
| ४ | | | | | ७ | | | |
| | | | ३ | ९ | | | ७ | ४ |

## अंक ५२ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | १ | ७ | ३ | ८ | ५ | ६ | २ | ४ |
| २ | ३ | ८ | ६ | ४ | ७ | ५ | १ | ९ |
| ४ | ६ | ५ | २ | १ | ९ | ७ | ८ | ३ |
| १ | २ | ३ | ७ | ९ | ४ | ८ | ५ | ६ |
| ५ | ९ | ६ | ८ | २ | ३ | ४ | ७ | १ |
| ७ | ८ | ४ | ५ | ६ | १ | ९ | ३ | २ |
| ३ | ४ | २ | ९ | ७ | ८ | १ | ६ | ५ |
| ८ | ५ | १ | ४ | ३ | ६ | २ | ९ | ७ |
| ६ | ७ | ९ | १ | ५ | २ | ३ | ४ | ८ |

# किशोर किशोरीहरुका लागि सञ्चालन भएको क्षमता अभिवृद्धि तालिमका झलकहरु











**विद्यालयमा अध्ययन गर्ने किशोरकिशोरीहरूका लागि क्षमता अभिवृद्धि तालिम**

बाल विकास समाजले विद्यालय युवा सशक्तिकरण कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरावस्थाका विद्यार्थीहरूका लागि क्षमता अभिवृद्धि तालिम सञ्चालन गरी उनीहरूलाई जोखिम पूर्ण व्यावहारबाट संरक्षण हुन सहयोग पुऱ्याउँदै आइरहेको छ । बाल अधिकार, बाल दुर्व्यवहार, बाल यौन दुर्व्यवहार, एच. आइ. भी. एड्स बाल हिंसा तथा महिला हिंसा, गलत साथीबाट जोगिने उपाय, कुलतबाट बच्ने उपाय, जीवन उपयोगी सीप लगायतका विषयमा हरेक महिनाको प्रत्येक शनिबार यस संस्थाको केन्द्रीय कार्यालय कपनमा तालिम सञ्चालन संस्थाको आयोजनामा हुने गर्दछ । तालिममा ११ देखि १९ वर्षसम्मका विद्यार्थीहरू सहभागी हुने गर्दछन् । तालिम सञ्चालनमा बाल विकास समाजका कर्मचारीहरूले रोटेसनका आधारमा निशुल्क रूपमा विदाको दिन संस्थालाई समय दिइरहेका छन् । कुनै पनि दातृ निकायको सहयोग बिनानै सञ्चालन भएको यस तालिमबाट बालबालिकाहरूले सेवा लिन पाउनु भनेको संस्थाका लागि पनि गौरवको विषय हुन सक्छ । यस संस्थाका कर्मचारीहरूको कामलाई पक्कै पनि प्रशंसा गर्न लायक छ । यसैगरी अरूणोदय माद्यामिक विद्यालयका २५ जना ११ वर्षदेखि १९ वर्षसम्मका किशोरकिशोरीहरूका लागि ११ हप्ते क्षमता अभिवृद्धि तालिमको पहिलो र दोस्रो चरण सम्पन्न भएको थियो ।

पहिलो चरणको उक्त तालिममा बालबालिका तथा बालअधिकारको विषयमा संस्थाका कर्मचारी कमल ढकालको सहजिकरणमा सम्पन्न गरिएको हो । तालिममा बालअधिकारका ४ भागका बारेमा विस्तृत छलफल गराइएको थियो । त्यसैगरी दोस्रो चरणको तालिम विनोद खत्रीको सहजिकरणमा सम्पन्न गरिएको थियो । तालिममा गलत साथीको दवाव सामना गर्ने उपायको बारेमा सहजिकरण गरिएको थियो । गलत साथीको दवाव सामना गर्न सकेको अवस्थामा मात्र भविष्यमा आफ्नो लागि राम्रो हुने कुराप्रति सहभागीहरूलाई व्यापक रूपमा छलफल गराइएको थियो ।

तालिममा तालिममा विद्यार्थीहरूले सक्रिय रूपमा सहभागिता जनाएका थिए । यस किसिमको तालिमबाट धेरै कुराको ज्ञान हासिल गर्ने मौका पाइने हुनाले यस तालिममा नियमित रूपमा सहभागी हुने कुरा विद्यार्थीहरूले बताएका थिए । तालिमबाट विभिन्न अप्ठयारो परिस्थतिबाट जोगिने उपाय सिक्दै बाल दुर्व्यवहारको विरूद्धमा उजुरी गर्ने तरिकाको समेत ज्ञान हासिल हुने हुनाले हामी किशोरावस्थाका विद्यार्थीहरूका लागि एकदमै उपयोगी हुने कुरा सहभागीहरूले बताएका थिए । सेवाको भावनाले अभिप्रेरित भएर काम गर्ने हो भने कसैको सहयोग विना नै प्रभावकारी काम गर्न सकिने कुराको ज्वालन्त उदाहरण बाल विकास समाजका कर्मचारीहरूले दिएका छन् । कर्मचारीले नै तयार गरेको यो उपायबाट एक वर्षमा कम्तीमा ३ वटा सामुदायिक विद्यालयका बालबालिकाहरूले यो सेवा लिने योजना रहेको छ । दौतरीको माध्यमबाट बालबालिकाहरूलाई चेतनशिल बनाउने राम्रो कार्यको रूपमा यस तालिमलाई हेरिएको छ । यो क्षमता अभिवृद्धि तालिम प्रभावकारी रूपमा सञ्चालन भएको अवस्थामा पक्कै पनि सामुदायिक विद्यालयका बालबालिकाहरूलाई विभिन्न समस्याबाट जोगिनका निम्ति सहज हुने देखिन्छ । किशोरावस्थाका विद्यार्थीहरूले विशेष गरी सानै उमेरमा विवाह गर्ने र पढाइ छोड्ने विभिन्न साथीको संगतमा लागेर कुलतमा फस्ने आदि समस्याहरू भेलिरहेको अवस्थामा यो तालिमले उनीहरूलाई चेनतशिल बनाइ समस्याको निराकरणका उपायहरू सिकाउदै त्यस उमेर समूहका बालबालिकाहरूले समस्याबाट मुक्ति पाउने अपेक्षा समेत गरिएको छ ।

**ईँटा उद्योगबाट बालकहरूको उद्धार**

जिल्ला बाल कल्याण समिति भक्तपुरको नेतृत्वमा र बाल विकास समाजको सहयोगमा मिति २०७४ साल बैशाख १५ गतेका दिन चाँगुनारायण नगरपालिकामा रहेका केही ईँटा उद्योगहरूमा बालश्रमको अवस्थाको सम्बन्धमा ईँटा उद्योगहरूमा अनुगमन कार्य सम्पन्न भयो । अनुगमन कार्यमा जिल्ला बाल कल्याण समिति, महिला तथा बालबालिका कार्यालय, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, चाँगुनारायण बाल संरक्षण समिति, चाँगुनारायण नगरपालिका कार्यालय, बाल विकास समाज तथा सञ्चारकर्मीहरूको सहभागीता रहेको थियो ।

यसरी अनुगमनको क्रममा चाँगुनारायण नगरपालिका वडा नं. २ दुवाकोटस्थित यापी भैरव (जे.वी.) ईँटा उद्योगमा दाङ, रोल्पा र प्युठान जिल्ला घर भएका ईँटा बोक्ने कार्यमा संग्लन तीनजना बालकहरूको उद्धार भयो । उक्त बालकहरू नाइकेको साथ घरबाट भागेर ईँटा उद्योगमाश्रम गर्न आएका रहेछन् । ईँटा उद्योगमा आउने बालबालिकामध्ये धेरैजसो नाइकेले नै फकाएर ल्याउने गरेको, केहीलाई परिवारले पठाउने गरेको, केहीलाई आफन्त तथा परिवारसँग आउने गरेको र कोही गरिबी तथा पारिवारिक कारणले भागेर आउने गरेको पाइयो । यी बालबालिकाहरू ईँटा उद्योगमा आउनुभन्दा अगाडि नियमित विद्यालय गइरहेको पाइयो । अनुगमनको क्रममा भेटिएका अधिकांश बालबालिकाहरूले आफ्नो उमेर ढाटेर १६ वर्ष भन्ने गरेको पाइएको छ भने कम उमेरका बालबालिकाले पनि उमेर बढाएर भन्ने गरेका छन् । बालश्रम प्रयोग गर्ने यस यापी भैरव ईँटा उद्योगका संचालककलाई कानुनी कारबाहीका लागि श्रम कार्यालयलाई जानकारी गराई आवश्यक कारबाही अगाडि बढाउने जिल्ला बाल कल्याण समितिका निला घिमिरेले जानकारी गराउनु भयो । उद्धार भएका बालकहरूलाई बाल विकास समाजले संरक्षणमा राखी पारिवारिक पुनर्मिलन गराउने बाल विकास समाजका कार्यक्रम निर्देशक किरण थापाले बताउनुभयो । उहाँले उद्धार गरेका बालकहरूलाई लुगाको व्यवस्था गरी खान बस्ने सुविधा दिएर राख्ने र साथै पढाइलाई निरन्तरता दिन शैक्षिक सामग्री दिई सम्बन्धित जिल्ला बाल कल्याण समितिको रोहबरमा परिवारको जिम्मा लगाउने कुरा बताउनुभयो । यसरी अनुगमन कार्यपछि जिल्ला बाल कल्याण समितिको कार्यालयमा समीक्षा बैठकसमेत बसेको थियो । यस बैठकमा अनुगमनकर्ताहरूको अनुसार ईँटा उद्योगमा श्रम गर्न आउने बालबालिकाहरूलाई सम्बन्धित जिल्लामै रोक्नको लागि त्यस जिल्लाहरूमा सम्बन्धित निकायहरूले पहल गरेका यस समस्या न्युनीकरण हुने छलफल भयो र साथै धेरैजसो बालबालिकाहरू काठमाडौं हेर्ने, मिठो खाने जस्ता सपनाहरू ईँटा भट्टामा काम गर्न आइसकेका साथी तथा नाइकेले देखाउने पाइएकोले यस किसिमको कार्यलाई निरूसाहित गर्न विद्यालय तथा समुदायमा जनचेतना मूलक कार्य गर्न आवश्यक रहेको देखिन्छ । यसका साथै अभिभावकहरूलाई आफ्नो बालबालिकाप्रतिको जिम्मेवारी बोध कसरी गराउने भन्ने विषयमा समेत जनचेतनाको आवश्यक देखिन्छ ।

**व्यवसायजन्य सुरक्षा सम्बन्धि अभिमुखिकरण सम्पन्न**

बाल विकास समाज, कपन, काठमाडौंको आयोजनामा र सेभ द चिल्ड्रेनको साझेदारी तथा भक्तपुर ईँटाभट्टा व्यवसायी संघको सहकार्यमा संचालित 'नेपालमा रहेका ईँटाभट्टामा कार्यरत बालबालिकाहरूको संरक्षण परियोजना' अन्तर्गत ईँटा उद्योगमा रहेका नाइके तथा कामदारहरूका लागि ब्यबसायजन्य स्वास्थ्य एवम् सुरक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम मिति २०७४ साल बैशाख २२ गते बाल विकास समाजको फिल्ड कार्यालय सुर्यविनायक भक्तपुरमा सम्पन्न भयो । उक्त अभिमुखीकरण कार्यक्रमको सहजीकरण श्रम विभागका निर्देशक बरूणकुमार झाले गर्नुभएको थियो । कार्यक्रममा झौखेल, दुवाकोट, ताथली, सिपाडोल, सुडाल, आदि स्थानमा रहेको करिब २० वटा ईँटा उद्योगका कामदार तथा नाइके गरी करिब ४५ जनाको सहभागीता रहेको थियो । कार्यक्रममा बरूणकुमार झाले व्यवसायजन्य सुरक्षाका बारेमा ३ घण्टाको सेसन संचालन गर्नु भई व्यवसायजन्य सुरक्षाको बारेमा उपस्थित सबैलाई प्रस्ट्याउनुभएको थियो । साथै व्यवसायजन्य सुरक्षाका लागि अहिले ईँटा उद्योगमा आउने कामदारहरू पनि पहिलेभन्दा सचेत भए तापनि अझै यस किसिमको कार्यक्रम समय समयमा संचालन गर्नुपर्ने कुरा सहभागी नाइकेहरूले जानकारी गराउनुभयो ।

*प्रस्तुती : भरत थापा/गोविन्द वि क*

SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

जडीबुटी

डा.श्रीभगवान ठाकुर

# नीमको उपयोगिता

नीम नेपालको हिमाल बाहेक प्राय: सबै ठाउँमा पाउने एउटा वनस्पती हो । जसको महत्व र उपयोगिता परापूर्वकाल देखि भइराखेको छ । आज पनि नीमको उपयोगिता उत्तिकै परेको छ जसको चर्चा दिन रात विश्वभरी मात्रै भइराखेको छ । यसको सबै भाग को उपयोगीता उत्तिकै छ । नीमको जरा, काण्ड, पात, फूल फल र बोक्रा सबै हाम्रो जीवनको कुनै न कुनै काममा प्रयोग भईनै राखेकोछ । यसको प्रयोग साना साना गरीब देखि ठूलाठूला कलकारखानाले पनि गर्न थालेको छ ।



नीम शब्द संस्कृत भाषाको नीम्बा भन्ने शब्दबाट आएको हो जसको अर्थ हो "रोगबाट छुटकारा पाउनु" । नीमको कलिलो हाँगाले दाँत माज्दा उत्तम हुने कुरा सर्बविदितै छ । नीमको पात खाएमा जुका मर्छ । यस बाहेक का गुणहरू हुने विभिन्न वैज्ञानिक तथा रसायन शास्त्रीले पत्तालगाएका छन । नीमबाट १२७ तत्वहरू पत्ता लगाएका छन् । जसको प्रयोग धेरै किसिमका औषधि तथा रसायनिक पदार्थहरू बनाउने काममा गरीन्छ । नीमको प्रत्येक भागको आ-आफ्नै महत्व छ ।

काठ : यो एउटा राम्रो किसिमको इन्धन हो जुन दाउराको रूपमा प्रयोग गरिन्छ । यसको काठबाट फर्निचर, कृषिको औंजारहरू, डुङ्गा, गाडा र खेलौना बनाउने काममा प्रयोग गरीन्छ । यसबाट बनाइएको सामानमा किरा र ढुसी लाग्दैन ।

बोक्रा : यसको रसबाट मलेरीया जस्तो ज्वरो तथा छालाको रोग निको पार्न सकिन्छ । यसको रस तितोहुन को कारण नीमविन, निम्बिडिन र निम्बीनिन तत्वहरू भएको ले गर्दा हो । निम्बिडिनले ज्वरो तथा चिलाउने खालको छालाको रोग (एक्जीमा लुतो दाद आदिलाई) ठिक गर्छ । बोक्रा पिसाब बन्द भएमा तथा सुन्निएको बेलामा प्रयोग गरीन्छ । यसको रसको प्रयोग सुईको रूपमा पशूहरूको रक्तचाप घटाउन प्रयोग गरीन्छ । यसको रस खरबुजाको मोज्याक भाइरस रोग ठिक गर्न पनि प्रयोग गरीन्छ ।

जराको बोक्रा : यसको प्रयोग कुखुराहरूको प्रोटोजोआबाट हुने रोग मा २५ मि ली प्रति १०० ग्राम शारिरीक तौलको दरले दिनाले रोग निको हुन्छ । छालाको धेरै रोगहरू मध्ये एलरजिकमा पनि यसको प्रयोग द्वारा उपचार गरिन्छ । यसमा ढूसिको विरूद्ध काम गर्ने क्षमता धेरै छ । जस बाट ढुसीबाट हुने रोगहरूको उपचार गरिन्छ । यो ट्युमर रोगमा पनि प्रभावकारी हुन्छ । यसको लस्साबाट धेरै टौनिकहरू बनाईन्छ साथै रंग बनाउने काममा पनि प्रयोग गरिन्छ । जराको बोक्रा बाट रेशा उत्पादन गर्न सकिन्छ जस बाट डोरी बनाईन्छ । नीमको बोक्राको रसको प्रयोगबाट जिन्जीराईटिस तथा पेरियोडोन्टाईटिस भन्ने रोगबाट बच्न सकिन्छ । नीमको जराको बोक्रामा पाईने टैनीन को प्रयोग पशुको छालाको रंग खैरो पार्न प्रयोग गरिन्छ । बोक्रा र अरू जडीवुटी मिसाएर जण्डीस को उपचार गर्न सकिन्छ ।

पात : कलीलो पात देखि पुरानो पात सबै को आत्तनो आत्तनो महत्व छ । कलीलो पात र मरिचको प्रयोग बाट आन्द्राको जुका मार्न सकिन्छ भने कलीलो पातलाई मात्र पींधेर पानीमा मिसाएर प्रयोग गरेमा भाईरसबाट हुने विफरबाट मानिस र कुखुराहरूको प्रतिरोधात्मक क्षमताको काम गर्छ । यस बाहेक नीमको पातमा कलेजो को रक्षा गर्ने तत्व साथै पात र पानीको मिश्रणबाट अल्सर र ग्यास्ट्रिक को समस्या बाट मुक्त हुन सकिन्छ ।

नीमले रोग सित लड्ने क्षमताको विकास शरिरलाई प्रदान गर्छ । नीमको पात तीन चार वटा दैनीक चवाएर खानाले शरिरमा जोस जाँगर ल्याउँछ । यसले मानसिक तनाव बाट मुक्त गर्छ साथै शरिरको भौतिक अनुकुलता मिलाउँछ । यदि शुरूमा क्यान्सरको उपचार नीमले गऱ्यो भने निकोहुने सम्भावना बढी हुन्छ । नीमको पात रगत सफा गर्ने काममा पनि प्रयोग गरिन्छ । जस्ले आक्सिजन पूर्ति गर्ने क्षमता (रातो रक्त कोष र हिमोग्लोविनको संख्या बढाएर) प्रदान गर्छ । यसले रगतको परजिवि, कलेजो को परजिवि तथा अरू सूक्ष्म किटाँणु को आक्रमण बाट बचाउँछ । रगतको अरू तत्वहरूलाई सन्तुलन गर्ने काम गर्छ । पातलाई पानीमा उमालेर घाउ सफा गर्न र छालाको रोग निको पार्न प्रयोग गरिन्छ । यसको पात रक्त अल्पता, जण्डीस, कमजोरी तथा ह्दय रोगीलाई खान सल्लाह दिईन्छ ।

फुल : नीमको फुल चाहि माघ फाल्गुणमा नयाँ पातसंगै आउँछ । यसको फूलमा नेक्टर (संगन्धित पदार्थ) धेरै मात्रामा हुन्छ । जुन माहुरी बाट मह बनाउन मद्दत मिल्छ । प्राय: दक्षिण भारतमा सुकेको फुल सिधै वा सुप बनाएर वा भुटेर खाने गरेको धेरै चाँड पर्वहरूमा पाईन्छ । यसको प्रयोग डिस्पेप्सीया तथा कमजोरीमा गरिन्छ । यसमा पाउने स्टेरोल तथा आवश्यक तेलको प्रयोग धेरै रसायनिक तत्व तथा औषधि बनाउने काममा गरिन्छ ।

फल तथा विउ : यसको फलमा जेडुमिन, एजाडिरोम तथा नीम्वीयोल पाउँछ । जेडुमिनले मलेरिया तथा नीम्वीयोलले ज्वरो ठिक पार्दछ । नीमको तेलले जोर्नीको रोगलाई ठिक गर्छ तथा हात खुट्टामा लगाएर सुत्दा लामखुट्टे ले टोक्दैन । यसको तेल छर्नाले झिंगा आउँदैन । बाली विरूवामा यसको तेल पानी र सर्फ मिसाएर छर्नाले किरा बाट हुने नोक्सानी बाट बचाउन सकिन्छ । नीमको विउको रस प्रयोग नपँसक्ता हटाउन मुसा तथा बांदरमा सफल परिक्षण गरिएको छ । आज कृषिको लागि नीम अतीनै प्रसिद्ध भएको छ । बोट विरूवामा छर्ने बिषादीको सट्टा नीमको विउको खोस्टा को रस को प्रयोग सुरू भएको छ । बिषादीले कैयौं मानिसहरू तथा पशुहरूलाई रोगी तथा ज्यान समेत लिन का साथै वातावरण लाई समेत दुषित पार्छ । जुन संसारको एउटा ठूलो समस्या भएको छ । यसलाई नियन्त्रण गर्न जैविक खेती गर्ने एउटा नारा छ जसबाट सबैको हित हुन्छ । बिषादीले कैयौं मित्र जिवलाई मारेर वातावरणलाई असन्तुलन पार्छ तथा किराहरूलाई बिषादीसंग अवरोधी बनाई विषादीको प्रभाव न्यूनीकरणगरिएको देखिन्छ ।

नीमको विउको खोस्टाको रस बनाउने तरिका: सबभन्दा पहिले नीमको फल जम्मा गर्ने र विउलाई चार घण्टा सम्म घाममा सुकाईन्छ । त्यसलाई कपडा या जुटको झोलामा राखेर भण्डारण गर्न सकिन्छ । आवश्यक परेको वेलामा ४० ग्राम (एक मुठी) लिएर कुटेर ससाना टुक्रा पारिन्छ । त्यो टुक्रालाई वेलुका एक लीटर पानीमा रातभरी राखिन्छ, अनी भोली पल्ट विहानै त्यसलाई कुनै जालीले छानेर सर्फ संग मिसाएर स्प्रयरे टंकिमा राखि बाली विरूवामा किराहरू विरूद्ध छरिन्छ । यस्ले किरालाई भगाउँछ वा बोट विरूवाको पात खाने अरूची बढाउँछ तथा किराहरूको अवस्थामा विकृती ल्याउँछ । यो सस्तो, वातावरणलाई कुनै असर नपार्ने, मान्छे पशु तथा मित्र जिवलाई नमार्ने वानस्पतीक बिषादी हो । छानेर बाँकी भागलाई खेतमा कम्पोष्ट मलको रूपमा प्रयोग गरिन्छ । नीमको विउ बाट तेल निकालेपछि पीनालाई पनि मलको रूपमा प्रयोग गरिन्छ । जस्ले विरूवालाई धेरै पोषक तत्व दिनुको साथै रोग लाग्न बाट बचाउछ । जस्तै : भाईरल, ढुसीजनक, जुकाबाट हुने रोगहरू तथा जिवाणुबाट हुने रोगहरू ।

आजभोली नीमलाई "ईकोफेन्डली पेस्टिसाईड, मेडिसिन, वर्थ कन्ट्रोल पिल्स र ईकोलाजिकल वेल्थ" पनि भन्ने गर्दछन् । हामीहरूले आर्थिक पर्यावरणिय र जनस्वास्थ्यको दृष्टिकोणले हेर्ने हो भने नीम हाम्रो जीवनको महत्वपुर्ण वनस्पती हो । जसलाई हामीहरूले आज देखिनै खाली काम नलाग्ने जग्गा, सडकको किनारा, खेतको ड्याङ, चौर, बगैंचाको चारैतिर, घर तथा स्कुलको चारैतिर लागाएर फाईदा उठाउन सक्दछौ । नीममा आधारित केही वनस्पतीक बिषादीहरू फरचुन एजा, ट्राईनीम, रक्षक, वायोनीम, नीमेक्स, अचुक, मार्गोसान, मल्टिनीम आदि नामले बजारमा पाउने गर्दछ ।

अत: नीमलाई सडक, स्कूल, सार्वजनिक जग्गा, वागवानीको हाता, घर नजिक, खेत वरिपरि कृषिवन पद्धतिमा, काठको लागि निजी बन आदिको रूपमा विभिन्न कार्यक्रम, आयोजना, परियोजना समेतमा समावेश गरी तराई मधेशमा वृक्षारोपण गरी काठको आवश्यक्ता पूर्ति, वातावरणीय समस्या समाधान, मानव स्वास्थ्यमा सहयोग तथा आम्दानी गर्न सक्ने प्रशस्त आधार रहेको छ ।

**गर कि...**

भनेजस्तै भएको छ । तराईका जनतासँग कुन मुख लिएर जाने ? उनीहरु किंकर्तव्यविमुख बनेका छन् । आन्दोलनमा मर्नेलाई ५० लाख र मर्नेका परिवारलाई रोजगारको पुरस्कार घोषणा गरेर दशगजामा वितण्डा मच्चाउने मधेसी नेताहरुलाई तराईका जनताले प्रश्न गर्नेछन् आन्दोलनको उपलब्धि के ? आन्दोलनका क्रममा आधा सय मान्छे मारिएका छन्, उनीहरुको मृत्युको उपादेयता के ? संविधान संशोधन मात्र भए हामीले राज्यलाई घुँडा टेकायौं भन्दै मधेसी नेताहरुलाई जनतासमक्ष जान सहज हुन्थ्यो । यथास्थितिमा निर्वाचनमा भाग लिँदा मधेसी जनताले दण्डित गर्नेछन् भन्ने उनीहरुमा त्रास छ । चुनाव बहिष्कार गरे आफूहरु नै बहिष्कृत हुने उनीहरुले बुझेका छन् ।

राज्यलाई चुनौती दिने हैसियतमा मधेसी नेताहरु छैनन् । कडा सुरक्षाका बीच निर्वाचन आयोगले पहिलो चरणको चुनाव गराएको उनीहरुले देखिसकेका छन् । निर्वाचन बिथोल्ने हर्कत गरे राज्य कठोर भएर प्रस्तुत हुने निश्चित छ । तराईका जनता जेठ ३१ को व्याग्रताका साथ प्रतिक्षा गरिरहेका छन् । जनता आफ्ना प्रतिनिधि चुन्न आतुर छन् । तराईका जनतालाई त्रास देखाएर मत हाल्न नजाने बनाउन सक्ने छैनन् मधेसी नेताहरुले । कथित मधेस आन्दोलनको नेतृत्व गर्नेहरु नै मधेसी जनताले नरुचाएका र नपत्याएका अनुहार छन् । निर्वाचन बहिष्कार गरेर आन्दोलनमा गए पनि मधेसी जनताले साथ नदिने निश्चित छ । सबै मागहरु छोडेर निर्वाचन क्षेत्र, भाषा र नागरिकताको मुद्दामा मात्र झरेका मधेसी नेताहरु यी मुद्दा पनि सम्बोधन नहुने भएपछि रुन्चे अनुहार लगाइरहेका छन् । संशोधनको विषयलाई थाँती राखेर चुनावमा भाग लिन कांग्रेस र माओवादी केन्द्र समेतले मधेसी नेताहरुलाई भनिसकेको छ । संशोधनको लफडामा फस्न प्रधानमन्त्री प्रचण्ड र कांग्रेस सभापति देउवा तयार छैनन् । उनीहरुलाई तराईमा निर्वाचनको माहौल तताउनै हम्मे हम्मे छ ।

राष्ट्रिय जनता दलले निर्वाचन मिति पछि सार्न समेत अनुरोध गरेको छ । निर्वाचन आयोगमा दल दर्ता नभएको र चुनाव प्रचारका लागि समय कम भएको उनीहरुले कारण देखाएका छन् । मधेसमा चुनाव नभए पहाडमा गरिएको चुनावको अर्थ नहुने समेत उनीहरुले चेतावनी दिएका छन् । तर दलहरु निर्वाचन मिति पछि सार्ने पक्षमा छैनन् । अनेक बहानाबाजी बनाएर दोस्रो चरणको निर्वाचन असफल बनाउने मधेसी नेताहरुको षड्यन्त्र सफल हुने छाँटकाँट छैन । भारतको सहयोगबिना उनीहरुले तराईमा आन्दोलन उठान गर्न सक्ने छैनन् । नेपाली नागरिकता हात पारेका आप्रबासी भारतीयहरुको सहभागिताका कारण विगतमा मधेस आन्दोलनले उचाइ लिएको थियो । मधेस आन्दोलन भारतको पूर्ण सहयोग थियो । दशगजापारि भोजको व्यवस्था गरेर मधेसी नेताहरुलाई उफारेको थियो । नाकाबन्दी गरेर आन्दोलनलाई सहयोग गरेको थियो । भारतीय खुफिया एजेन्सी 'रअ' ले मधेसी नेताहरुलाई जन र धन दुवैले सहायता गरेको थियो । तर अहिले स्थिति परिवर्तित भएको छ । स्थानीय तह निर्वाचनको भारतले स्वागत गरेको छ र निर्वाचनलाई सहयोग समेत पुऱ्याएको छ । नेपालमा बढ्दो चिनियाँ प्रभावलाई रोक्न मोदी प्रशासनले नेपालप्रति नरम व्यवहार गर्न थालेको अर्थका रुपमा विश्लेषण गर्न थालिएको छ । ओबिओआरमा नेपालले हस्ताक्षर गरिसकेको अवस्थामा नेपाललाई चिढ्याउन नहुने सल्लाह भारतीय 'थिंकटैंकहरु' ले मोदी प्रशासनलाई दिएको हुन सक्ने अनुमान गर्न थालिएको छ । नेपाल भ्रमणका बेला समग्र नेपालसँग 'डिल' गर्ने अर्थात् हिमाल पहाड तराईसँग अलग अलग डिल नगर्ने घोषणा गरेका मोदीले पछि त्यस विपरीत व्यवहार गरे पनि अहिले त्यसलाई करेक्सन गर्न चाहेको देखिँदैछ ।

स्थानीय तहमा प्रजातान्त्रिक अभ्यासलाई मान्य रुपमा स्थापित गर्न पनि मधेसी दलहरु चुनावमा सहभागी हुनैपर्छ । जनताबाट भागेर राजनीतिक लोकतान्त्रिक र राष्ट्रियताका शक्तिका रुपमा आफूलाई स्थापित गर्न सकिँदैन । मधेस मामिलामा हस्तक्षेप र आदेशको भूमिका अदाह गर्दै आएको भारतले स्थानीय निर्वाचनप्रति स्वाभाविक चासो मात्र प्रकट गरेको छ र मधेसी दलहरुलाई निर्वाचनमा भाग लिन र राजनीतिक सहयोग र छलफलद्वारा समस्या समाधानमा जान सल्लाह दिइएको छ । दुई दशकपछि नयाँ संरचनाका साथ स्थापित हुने स्थानीय सत्ता बाहिर रहे मधेस केन्द्रित दलहरुको अस्तित्व नै समाप्त हुनेछ ।

**कलाकारहरुको...**

निर्वाचनमा पनि राप्रपाको हालत यस्तै हुने विश्लेषकहरुले भन्न थालेका छन् ।

राप्रपा कुनै भिजन बोकेको पार्टी होइन । यो अवसरवादीहरुको झुण्ड मात्र हो । कमल थापा जस्ता 'मुसा प्रवृत्ति' ले पार्टीको कमाण्ड हाँकेका छन् । विचार, उद्देश्य र सिद्धान्तलाई थापाले सधैं सत्तासँग सौदाबाजी गर्दै आएका छन् । हिन्दू राष्ट्र र संवैधानिक राजतन्त्रको वकालत गर्ने थापा धर्मनिरपेक्ष गणतान्त्रिक संविधानलाई सहज स्वीकार्छन् र उपप्रधानमन्त्री हुन गौरव ठान्छन् । कहिले वामपन्थीसँग सहकार्य गर्छन् कहिले कांग्रेससँग । केपी ओली या प्रचण्ड या त शेरबहादुर देउवा सत्ताका लागि उत्तिकै मान्य छन् थापाका लागि । थापाको चरम अवसरवादी चरित्रलाई जनताले घृणा गरेकै कारण राप्रपाको अहिले पत्तासाफ भएको हो ।

अन्य दलहरुभन्दा राप्रपालाई कलाकार हरुले किन मन पराए ? त्यो उनीहरुलाई थाहा होला । कमल थापालाई हिरोहरुका पनि हिरो ठान्नुचाहिँ भूल रहेछ भन्ने हेक्का अब उनीहरुलाई अवश्य भएको हुनुपर्छ । रेखा थापा, कोमल ओली जस्ता चिरपरिचित नायिका गायिकाले सांसद बन्ने जुन महत्वाकांक्षा पालेका थिए त्यो अब पागलको सपना जस्तै हुने निश्चित छ । सिनेमाको क्रेज राजनीतिका लागि काम लाग्दैन भनेर यिनीहरुले बेलैमा बुझ्न जरुरी छ ।

**ढकाल...**

बालबालिकाको शिक्षा र स्वास्थ्यको अधिकार ग्यारेन्टी गर्न मद्दत मिल्ने किसिमको आयोजनाको लागि विगतझैं वित्तीय सहयोग गर्न आग्रह गर्ने बताइएको छ । ढकाल आगामी जुन महिनाको १३ गते स्वदेश फर्कनु हुनेछ ।

**तालमेल...**

नेपाल पन्सिएको पनि जनताले भुलेका छैनन् । यी दुवै घटनालाई भारतीय खुफिया एजेन्सी रअसँग जोडेर समेत हेर्ने गरिएको छ । घटनाको साँच्चीकै छानबिन गर्ने हो भने त्यहाँसम्म पुग्ने खजानाको जोहो एमाले नेताहरुले गर्नैपर्ने हुन्छ ।

**नयाँ...**

छन् । ललितपुरका उम्मेदवारले पनि नगन्य मत ल्याएका छन् । अझ दु:खको कुरो त बाबुरामले जित्ने आशा राखेको आफ्नो गृहनगर पालुङटारमा समेत हार व्यहोरेका छन् । यसअघि माओवादीको गढका रुपमा रहेको गोर्खाका कुल ११ स्थानीय तहमध्ये नेपाली कांग्रेसले ६ स्थानीय तहमा जित हात पारिसकेको छ भने एकमा माओवादी केन्द्रले जितेको छ । नयाँ शक्तिले रसुवामा एक गाउँपालिका अध्यक्षमा चुनाव जितेर खाता खोलेको छ ।

**मतदाता...**

मतदाता शिक्षा प्रदान गर्न सकिने थियो । मतपत्र बदर हुँदा त्यसको असर अत्यन्तै नकारात्मक हुन जान्छ । मतदाताले चाहेको व्यक्तिले हार्ने र नचाहेकोले जित्ने अवस्था समेत सिर्जना हुन जान्छ । आयोगले मिडियाहरुमा भोट हाल्न जाउँ भन्ने प्रचार गरे पनि यसरी हालौं भन्ने प्रचार गरेन । निर्वाचन शिक्षाका नाममा प्रवाह भएको यत्रो ठूलो बजेट कहाँ कसरी खर्च गरियो आयोगसमक्ष गम्भीर प्रश्न तेर्सिएको छ ।

**ओलीको...**

केपी ओली प्रधानमन्त्री बनिसकेका छन् भने एमालेले पटक पटक गृह मन्त्रालयको जिम्मेवारी लिएको छ । मदन भण्डारीकी विधवासमेत मुलुकको राष्ट्रपतिको कुर्सीमा आसिन भइसकेकी छन् ।

मदन भण्डारी विरचित बहुदलीय जनवादको ब्याज खाएर मोजमस्ती गरिरहेका एमाले नेताहरु बेलाबेला निद्राबाट ब्युँझेझैं गरी भण्डारीलाई सम्झिएर भावुक हुने गरेका छन् । सम्पूर्ण शक्ति आफैंसँग हुँदासमेत खोजबिनको कुनै चासो नराख्नेहरु अहिले आएर एकमात्र साक्षी अमर लामासमेत यस धर्तीमा नभएको बेला तथ्य पत्ता लगाउने डिङ हाँकिरहेका छन् ।

**राष्ट्रसंघको...**

अधिवेशन अन्त्य गर्ने सत्तापक्षको तयारीप्रति एमालेले आपत्ति जनाएको छ । एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङले महाअभियोग प्रस्ताव फिर्ता नलिई संसद अधिवेशन अन्त गर्नु गैरजिम्मेवारीपूर्ण हुने बताएका छन् । संसदमा स्थानीय तह र प्रदेश तथा संघीय संसदको निर्वाचनसम्बन्धी धेरै विधेयकहरु आउनुपर्ने अहिलेसम्म नआएको नेम्वाङले बताए ।

**सत्ता...**

लिनुपर्ने अर्को चुनौती छ । उनीहरु कुनै पनि हालतमा संविधान संशोधन हुनुपर्ने र नभए निर्वाचनमा भाग नलिने मनस्थितिमा छन् । आफूले भाग नलिएपछि अरुलाई मात्र हुन दिनेभन्दा पनि उनीहरु चुनाव बिथोल्ने योजना बनाइरहेका छन् । कसैलाई केको धन्दा घरज्वाइँलाई खानको धन्दा भनेझैं एउटा विषयको टुंगो नलगाई यस्तो जटिल परिस्थितिमा देउवाले फेरि खानकै धन्दा सुरु गरेका छन् । पटक पटक प्रधानमन्त्री भइसकेका देउवा प्रधानमन्त्री बन्दैमा मुलुकको कुनै कायापट हुने होइन । बरु उनका विगतका कार्यकालमा भएका र गरिएका सत्ताका फोहोरी खेल सम्झँदा उनीप्रति सहानुभूति र सम्मान प्रकट गर्नुपर्ने कुनै ठाउँ भेटिँदैन ।

प्रचण्ड नेतृत्वको वर्तमान सरकारले केही सम्झन लायक काम अवश्य गरेको छ । विद्युत लोडसेडिङ गराएर करोडौं भ्रष्टाचार गरिरहेको विद्युत प्राधिकरणको भ्रष्ट गिरोहको सञ्जाल तोडेर मुलुकलाई लोडसेडिङ मुक्त गराउने काम प्रचण्ड नेतृत्वको सरकारले गरेको छ । विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र ऊर्जामन्त्री जनार्दन शर्माको मेहनत उज्यालोमा बस्न पाएका जनताले स्मरण गरिरहेका छन् । त्यसैगरी हालै सम्पन्न पहिलो चरणको निर्वाचन पनि संविधान कार्यान्वयनको मार्गमा कोसेढुंगा सावित भएको छ । मूल्यवृद्धि नियन्त्रण र राष्ट्रिय उत्पादनमा वृद्धि जसता कुरा पनि प्रचण्ड सरकारका राम्रा काममा जोडिएका छन् भने स्वास्थ्य मन्त्रालयमा भएका सुधार र बन्द भएका उद्योगधन्दा सञ्चालन गर्न गरिएका प्रयास पनि प्रशंसनीय मानिन्छन् । हालै मात्र भएको चीनसँगको वान बेल्ट वान रोडको सम्झौताले प्रचण्डको छविमा केही सुधार आएको कुरालाई नकार्न सकिन्न ।

यति हुँदाहुँदै पनि शेरबहादुर देउवाको प्रत्यक्ष हस्तक्षेप र निर्देशनमा घटाइएको आईजीपी नियुक्ति प्रकरण र यसैसँग जोडिएर आएको सर्वोच्च अदालतका प्रधानन्यायाधीश सुशीला कार्कीलाई महाअभियोग लगाउने प्रकरणले भने सरकारको छवि अत्यन्तै धूमिल बनायो । यसको प्रतिच्छायाँ निर्वाचनमा देखिएको छ । काठमाडौं र अन्य सहरी क्षेत्रका सचेत मतदाताले कांग्रेस माओवादी गठबन्धनलाई नराम्रो झड्का दिइसकेका छन् । वर्तमानको आवश्यकता सत्ता परिवर्तन होइन, शेरबहादुर देउवाले जेठ अन्तिमसम्मका लागि धैर्य धारण गर्नुपर्ने हुन्छ । कसरी हुन्छ दोस्रो चरणको निर्वाचन सम्पन्न गराउने दिशामा सम्पूर्ण शक्ति केन्द्रित हुनुपर्ने बेलामा बजाइएको सत्ता परिवर्तनको बेमौसमी बाँसुरीले कसैको पनि हित गर्दैन । त्यसैले सत्ता परिवर्तनभन्दा पहिला निर्वाचन सम्पन्न गराउनेतर्फ सबैको ध्यान जान आवश्यक छ ।

# संख्या बढाउन एमालेको विरोध

काठमाडौं । प्रमुख प्रतिपक्षी एमालेले स्थानीय तहको संख्या बढाउने र सीमांकन हेरफेर गर्ने सत्ता पक्षको प्रस्तावको विरोध गरेको छ । एमालेले संख्या थप्ने कुरामा असहमति जनाएको छ । ललितपुरको भैंसेपाटीमा एमाले स्थायी कमिटीको बैठकले स्थानीय तहको संख्या बढाउने सरकारको निर्णयले भ्रम र अन्योल उत्पन्न हुने भएकाले त्यसलाई अस्वीकार गर्ने निर्णय गरेको हो ।

एमाले सचिव एवं प्रचार विभाग प्रमुख योगेश भट्टराईले स्थानीय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेको र दोस्रो चरणको निर्वाचनको अगाडि स्थानीय तहको संख्या बढाउने सरकारको तयारीले जनतामा भ्रम र अन्योल सिर्जना भएकाले त्यसलाई स्वीकार नगर्ने बताए ।

'स्थानीय तहको संख्या सीमांकन र नामांकनसम्बन्धी प्रतिवेदनलाई स्वीकृत गरी पहिलो चरणको निर्वाचन सम्पन्न भइसकेको छ । हामी यही आधारमा अविलम्ब दोस्रो चरणको निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोग र सरकारको गम्भीर ध्यानाकर्षण गर्दछौं,' बैठकपछि सचिव भट्टराईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'निर्वाचनका सम्पूर्ण तयारीका कामहरू अन्तिम चरणमा पुगिसकेको अवस्थामा भ्रम र अन्योल उत्पन्न गर्ने गरी स्थानीय तहको सीमांकन र संख्यालाई हेरफेर गर्ने कुरा एमालेलाई स्वीकार्य हुन सक्दैन ।'

गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले मधेसकेन्द्रित दलको माग पूरा गर्न भन्दै तराई-मधेसमा स्थानीय तहको संख्या बढाउन उपप्रधान तथा स्थानीय विकासमन्त्री विजयकुमार गच्छदारको संयोजकत्वमा रक्षामन्त्री बालकृष्ण खाँड र कानुनमन्त्री अजयशंकर नायक सदस्य रहने गरी अध्ययन समिति गठन गरेको थियो ।

३१ जेठमै स्थानीय तहको दोस्रो चरणको निर्वाचन हुने र संविधानमा भएको व्यवस्थाअनुसार १५ जेठमा सरकारले बजेट घोषणा गर्ने विषयमा एमाले लचिलो बनेको छ । निर्वाचनलाई प्रभावित गर्ने, निर्वाचन आचारसंहिताविपरीत, लोकतान्त्रिक मूल्यमान्यताविपरीत बजेट ल्याउने दिने पक्षमा एमाले नरहेको रावलले बताए । बजेटमा नयाँ कार्यक्रम नराखी सीमित दायराभित्र रहने गरी बजेट ल्याउन भने एमालेले नरोक्ने उनले स्पष्ट पारे ।

# नेपालकै पहिलो महिला नगर प्रमुख

काठमाडौं । चन्दननाथ नगरपालिका जुम्लामा विजयी हुनुभएकी कान्तिका सेजुवाल नेपालकै पहिलो महिला प्रमुख बनेकी छन् । सेजुवाल चन्दननाथ नगरपालिकाको प्रमुखमा भारी मतले विजय भएकी छन् । उनले ७५१३ मतमध्ये २८०६ मत ल्याएर विजयी भएको मुख्य निर्वाचन अधिकृत वासुदेव न्यौपानेले जानकारी दिए । उनका निकटतम् प्रतिद्वन्द्वी नेकपा (एमाले)का शान्तिलाल महतले दुई २०६६ मत ल्याएका थिए ।